म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३१४ सोमबार १० असार २०८१ ने. सं. ११४४ तछलागा 24 June 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरबाट लागूऔषधसहित दुईजना पक्राउ

हेटौंडा, ९ असार/मकवानपुरको थाहा नगरपालिका-६ बज्रबाराहीबाट लागूऔषधसहित प्रहरीले दुईजना पक्राउ गरेको छ । पक्राउ पर्नेमा काठमाडौं चन्द्रागिरी नगरपालिका-८ मातातीर्थ बस्ने वर्ष ३० को अरबिन खरेल र कैलाली टीकापुर नगरपालिका-६ बस्ने वर्ष २७ को अंकित अधिकारी रहेका छन् ।

उनीहरुलाई लागूऔषध नाईट्रोभेट २२ पत्तासहित पक्राउ गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । प्रहरीका अनुसार, कुलेखानी सडकखण्डमा हेटौंडाबाट काठमाडौंतर्फ जाँदै गरेको बा.प्र.०६-०१ प ३७६६ नम्बरको मोटरसाइकलमा सवार उनीहरुलाई चेकजाँच गर्दा यो परिमाणको लागूऔषध बरामद भएपछि निजहरुलाई पक्राउ गरिएको हो । पक्राउ परेका उनीहरुमाथि प्रहरीले आवश्यक अनुसन्धान साथै कानूनी प्रक्रिया अगाडि बढाएको छ ।

# बागमती प्रदेशस्तरीय सार्वजनिक शिक्षा सम्मेलन

साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ बागमती प्रदेशको मुख्यमन्त्री शालिकराम जम्कट्टेलले शिक्षामा भएको बेथितिको कारण नेपाल गरिव भएको बताएका छन् । राज्यले लगानी गरेर पढाएका विद्यार्थी नेपालमा नटिकेको र युवापलायन भएको उनले गुनासो गरे ।

नेपालको प्रमुख साझा समस्या शिक्षामा भएको जम्कट्टेलले बताए । यसको समाधानको लागि पाठ्यक्रम बदल्नुपर्ने उनले बताए । भारत, चिन, युरोपलगायतको पाठ्यक्रम नेपालका शिक्षाक्षेत्रका सरोकारवालाले अध्ययन गर्नुपर्ने उनले बताए । शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल) बागमती प्रदेशले आयोजना गरेको सार्वजनिक शिक्षाका नीतिगत तथा कार्यगत तहका विभिन्न सवालमाथि प्रदेशस्तरीय सार्वजनिक शिक्षा सम्मेलनमा मुख्यमन्त्री जमकट्टेलले यस्तो बताएका हुन् ।

शिक्षाका लागि राष्ट्रिय अभियान बागमती प्रदेशको अध्यक्ष प्रकाश खतिवडाको सभाध्यक्षतामा भएको कार्यक्रममा सामाजिक विकास मन्त्री कुमारी मोक्तानले शिक्षाक्षेत्रको विकासमा मन्त्रालयले गम्भीरतापूर्वक काम गरिरहेको जानकारी दिंदै शैक्षिक गुणस्तर वृद्धिमा जोड दिइरहेको बताईन् ।

युवा पलायन रोक्नका लागि विशेष कार्यक्रम आवश्यक रहेको उनको भनाइ थियो । मन्त्रालयले अनिवार्य तथा नि:शुल्क शिक्षा लागू भएको गाउँपालिका बनाउन पालिकास्तरमा साधन स्रोतको अनुपातमा क्रमश लगानी गर्दै दीर्घकालीन योजना बनाएको बताइन् ।

मन्त्रालयले आमाबाबु बिहीन बालबालिकालाई सहयोग गरिरहेको बताउँदै मन्त्री मोक्तानले




सार्वजनिक शिक्षाको रुपान्तरणको लागि सरोकारवाला सबै एक ठाउँमा उभिनुपर्ने धारणा राखिन् । अभियानका प्रदेशको अध्यक्ष खतिवडाले शिक्षालाई जे जति मात्रामा सार्वजनिक बनाउन सकियो त्यही अनुपातमा समाजमा न्यायपूर्ण वातावरण सृजना हुनसक्छ भन्दै लोकतान्त्रिक शिक्षा आजको आवश्यकता भएकोले शिक्षालाई राजनीतिक मुद्दा बनाउन आग्रह गरे । अभियान केन्द्रीय अध्यक्ष पहाडीले नि:शुल्क, गुणस्तरीय सार्वजनिक शिक्षा संभब भएको भन्दै यसका लागि तीनै तहको सरकारले शिक्षामा २० प्रतिशत बजेट बिनियोजन गर्न आवश्यक रहेको बताए ।

प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठ, संविधानसभा सदस्य प्रल्हाद लामिछाने, जिल्ला समन्वय समिति मकवानपुर प्रमुख ललित घलान, खैरहनी नगरप्रमुख शशीकुमार खनियाँ, शिक्षा विकास तथा समन्वय ईकाई मकवानपुर प्रमुख दिनानाथ गौतम, राष्ट्रिय मानवअधिकार आयोग प्रमुख रेवा रेग्मीलगायतले सार्वजनिक शिक्षा रुपान्तरणका लागि सबै क्षेत्रबाट क्रियाशील हुने प्रतिबद्धता चाहिने बताए ।

सामाजिक विकास मन्त्रलय शिक्षा महाशाखा प्रमुख खुविराम अधिकारीले रुपान्तरण सहितको सार्वजनिक शिक्षा सुदृढिकरणको लागि प्रदेश सरकारको कानुन, सरकारले सम्पादन गरेका कार्यक्रम र असल अभ्यास साथै सरकारको आगामी योजना र कार्यत्रमको बारेमा कार्यपत्र प्रस्तुतिकरण गरेका थिए । श्रमिक माविका प्रअ श्रीराम दाहालले सार्वजनिक शिक्षाको अहिलेको अवस्था र अबको रुपान्तरणको बारेमा कार्यपत्र प्रस्तुत गरे । अभियानका कार्यक्रम प्रबन्धक राम गैह्रेले नेपालको सार्वजनिक शिक्षाको अवस्थाको चित्रण गर्दै सरकारले सम्पाद गरेका असल अभ्यास र अबको सरकाले अपनाउनु पर्ने बाटोको बारेमा कार्यपत्र प्रस्तुत गरे ।

दीपक अधिकारी, कमल फुँयाल, संजीव जोशी, रमेश लामिछाने, ऋषिराम पोखरेलले विद्यालय जाने उमेरका सबै बालबालिका विद्यालयमा हुनुपर्ने, बालश्रमिक श्रममा नभइ विद्यालयमा हुनुपर्ने, महामारीमा समेत शिक्षण सिकाई अबरुद्ध नगरी पठनपाठनलाई नियमित र निरन्तरता दिन, शिक्षालाई दैनिक जीबिकासँग जोड्दै गुणस्तरीय, समाबेशी, जीबनउपायोगी बनाउन सरकारले लगानी अभिबृद्धि गर्न माग गरे ।

प्रदेशस्तरिय सार्वजनिक शिक्षा सम्मेलनबाट २१ बुँदे घोषणापत्र पारित गरिएको छ । घोषणापत्रमा सार्वजनिक शिक्षाको रुपान्तरणको निमित्त सरकारले विभिनन राष्ट्रिय तथा अन्तराष्ट्रिय मंचमा गरेको प्रतिवद्धता बमोजिम स्थानीय तथा प्रदेश सरकारले आफ्नो कुल बजेटको कम्तिमा २० प्रतिशत बजेट शिक्षामा लगानी गर्नुपर्ने, सार्वजानिक शिक्षाको सुनिश्चितताको निमित्त लगानीको व्यवस्था गर्न स्थानीय सरकारलाई स्थानीय साधनस्रोतको व्यवस्थापन र परिचालन गर्न क्षमता अभिवृद्धि प्रदेश सरकारले गर्नुपर्ने, शिक्षा क्षेत्रको बजेटमा बढ्दै गएको बेरुजु घटाई गुणस्तरीय सिकाईका आधारभूत पक्षहरुमा पर्याप्त बजेटको व्यवस्था गर्नुपर्ने, शीघ्र पारदर्शी बजेट कार्यान्वयनका लागि उचित नागरिक संयन्त्र र व्यवस्था गर्नुपर्ने उल्लेख छ ।

नि:शुल्क शिक्षासम्बन्धी संविधानको व्यवस्थाको मर्मलाई व्यवहारत: कार्यन्वयन गर्न सरकारले आर्थिक, कानुनी र नीतिगत जवाफदेहिता बहन गर्नु पर्ने, प्रदेश सरकारले सार्वजनिक शिक्षामा स्थानीय तहमा भएका राम्रा अभ्यास, सिकाई, चुनौनीको आदानप्रदान गर्ने फोरमको सृजना गर्ने, स्थानीय तहलाई सहजीकरण र क्षमता अभिवृद्धि गर्ने, विद्यालयलाई प्राकृतिक विपद्बाट सुरक्षित गराउन र जस्तो अवस्थामा पनि शिक्षा तथा सिकाईमा गतिरोध आउन नदिन प्रदेश तथा स्थानीय सरकारले पहुँचयुक्त पूर्वाधारका साथै योजना तथा बजेटमा आवश्यक व्यवस्था गर्नु पर्ने उल्लेख गरिएको छ ।

# जंगली च्याउले राक्सिराङका चेपाङको मृत्यु, श्रीमती गम्भीर

साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ मकवानपुरको विकट राक्सिराङ गाउँपालिका-७, स्थित दगुबाङ गाउँमा जंगली च्याउको तरकारी खाँदा एक जनाको मृत्यु भएको छ ।

शनिबार साँझ जंगलबाट ल्याएको च्याउ खाँदा चेपाङ परिवारका ५ जना गम्भीर बिरामी परेका थिए । मृत्यु हुनेमा बाबु ४५ बर्षीय दलबहादुर चेपाङ रहेको राक्सिराङ-७ का वडाअध्यक्ष रामबहादुर चेपाङले जानकारी दिए । दलबहादुरलाई आइतबार उपचारका लागि चितवनको भरतपुर अस्पताल तर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको वडाध्यक्ष चेपाङले बताए । उनको शव भरतपुर अस्पतालमै रहेको छ ।

मृतक दलबहादुरकी श्रीमती जालीमाया चेपाङको अवस्था पनि गम्भीर रहेको भरतपुर अस्पतालका चिकित्सक सफलले जानकारी दिएका छन् । दुई



छोरीहरु रेञ्जु र सविना तथा छोरा सुशीलको स्वास्थ्य अवस्था भने सुधारोन्मुख रहेको उनले जनाए । चेपाङ समुदाय छाकटार्नकै लागि च्याउ, वनतरुल, कन्दमूल, गिट्ठा भ्याकुरलगायत जंगलमा आश्रित खानेकुरा खाने गरेका छन् । जसकारण जंगली च्याउ खाँदा यहाँका स्थानीय हरेक वर्ष बिरामी पर्ने गरेका छन् ।

शनिबार राति नै स्वास्थ्य समस्या आए पनि आफूलाई आइतबार १२ बजे मात्रै खबर आएको वडाध्यक्ष चेपाङले बताए । भौगोलिक रुपले विकट राक्सिराङमा पातलो गाउँ, टेलिकम सेवा र यातायात सञ्जालको सहज पहुँच नहुँदा बिरामीले समयमै उपचार नपाउँदा ज्यान जाने जोखिम छ ।

राक्सिराङ गाउँपालिकामा स्वास्थ्य तथा शिक्षा सहयोग कार्यक्रम सञ्चालन गरिरहेको गैरसरकारी संस्था लिशा हिमालया इभी र दीगो विकासका लागि एकता नेपालले परिवारकै उपचारको जिम्मा लिएको छ । उनीहरुको सबै उपचार खर्च व्यहोर्ने परियोजना व्यवस्थापक अनिल पौडलले बताए ।

# यौन दुर्व्यवहारविरुद्ध सचेतना कार्यक्रम



साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ हेटौंडामा रहेको हिरण्य नेपालले बालबालिकामा हुने यौनदुर्व्यवहार विरुद्ध सचेतना कार्यक्रम गरेको छ । बालबालिकाहरुमा हुनसक्ने गलत छुवाइबाट कसरी बच्ने, संभावित दुर्व्यहारबाट कसरी बच्ने र दुर्व्यवहार भइहालेमा त्यसको उजुरी कहाँ कसरी गर्ने, परिवार, विद्यालय, यात्रालगायतको स्थलमा सुरक्षित कसरी रहने भन्नेबारे प्रशिक्षण गराइएको हो ।

उनीहरुलाई संस्थाको सचिव तथा मनोविमर्षकर्ता एलिना ढुंगानाले प्रशिक्षण दिएकी थिइन् । कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाको १९ वटै वडाको वडा बालसञ्जालको अध्यक्ष/सचिवहरु, नगरस्तरीय बालसञ्जालको अध्यक्ष/सचिवहरु र विभिन्न बालगृहमा बस्दै आएका प्रतिनिधि बालिकाको उपस्थिति थियो । बालबालिकालाई नैतिक शिक्षा, बालसमूह तथा सञ्जाल सञ्चालनको क्रममा बैठक व्यवस्थापन, माइन्युट लेखन सीपबारे पनि कक्षा सञ्चालन गरिएको थियो ।

यसैगरी बालबालिकालाई रिस व्यवस्थापन तथा तनाव व्यवस्थापनबारे पनि प्रशिक्षण गराइएको हिरण्य नेपालको अध्यक्ष कल्पना शर्माले बताइन् । प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्दै हेटौडा उपमहानगर पालिका २ नम्बर वडा सदस्य तथा बालमैत्री सम्पर्क व्यक्ति सुरज बर्तौलाले बालबालिकालाई हरक्षेत्रमा सुरक्षित राख्नको लागि आवश्यक पर्ने सीप, क्षमता विकास जस्ता कार्यमा सहकार्य गर्न स्थानीय सरकार तयार रहेको बताए ।

यसैगरी ग्रामीण असायह बालबालिका सामुदायिक पुनर्थापना केन्द्रका प्रमुख देबेन्द्र राईले विशेषगरी बालिकालाई आत्मारक्षाको सीप आवश्यक रहेको बताए । प्रशिक्षण कार्यक्रममा सरिता दाहाल, हार्दिका राउतले सहजिकरण गरेका थिए । कार्यक्रम ग्रामीण असायह बालबालिका सामुदायिक पुनर्थापना केन्द्रको आर्थिक सहयोग तथा हिरण्य नेपालको आयोजनामा भएको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

ELITE AIMERS INSTITUTE The Dream Into AIM
लोक सेवा आयोग
बागमती प्रदेश तह ५ को पत्रको तयारी कक्षा
सेना तथा प्रहरी तर्फको विभिन्न तहको तयारी कक्षा
शिक्षक सेवा
बैंकिङ कक्षा तयारी
खरिदार
नेपाल विद्युत प्राधिकरण
नायब सुब्बा
नेपाल टेलिकम तह ४
अनुसन्धान सहायक सूचक
नेपाल प्रहरी जवानको लिखित, नयाँ तयारी कक्षा
☛ शान्त तथा स्वच्छ वातावरण
☛ हरेक हप्ता Model Test
☛ दक्ष तथा अनुभवी शिक्षक
☛ Handsout को व्यवस्था
आफ्नो सिट सुरक्षित गर्न तुरुन्त सम्पर्क गर्नुहोला ।
Elite Aimers Institute
Hetauda-4, Parijathpath, (Infront of Hetauda Campus)
Contact No.: 057-590096, 9855057021,9804219546, 9855078775

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरू:
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट ॐ हल जाने बाटोमा
प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

## हाम्रो कुरा

# घरेलु मदिरामा प्रदेशको आँखा

लोकल ठर्राको उपनाम दिइएको घरेलु मदिराको खपतले राजश्वमा कुनै योगदान नभएका कारण प्रदेश सरकारको आँखा त्यतातिर गएको छ । बागमती प्रदेशका आन्तरिक मामिला तथा योजनामन्त्री जगनाथ थपलियाले आगामी आर्थिक वर्षको बजेटमा स्थानीय मदिरालाई प्रबर्द्धन गर्ने भएका छन् । थपलियाले बजेट वक्तव्यको ८४ नम्बर बुँदामा संघीय सरकार र निजी क्षेत्रसँग समन्वय गरेर स्थानीय मदिराको उत्पादनका लागि सम्भाव्यता अध्ययन गरिने घोषणा गरेका हुन् । राजश्वको दायरामा नआएकै कारण हरेक जिल्लामा प्रहरीले बारम्बार बरामद गरी खाल्डोमा पोखेर घरेलु मदिर नष्ट गरिरहेको छ । कति घरेलु मदिरा बरामद हुन्छन् ? कति नष्ट गरिनछन् ? भन्ने यकिन तथ्यांक कतै भेटिंदैन तर, ठूलो परिमाणमा घरेलु मदिरा खाल्डोमा घोप्ट्याइन्छ । संघीय सरकारले घरेलु मदिराको ब्राण्डिङको विषयलाई बजेटमार्फत् समाबेश गरेपछि प्रदेश सरकार पनि सक्रिय बनेका छन् । बागमतीसँगै कोशी र गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै गर्दा स्थानीय मदिराको ब्राण्डिङमा जोड दिएका हुन् । कोशी, बागमती र गण्डकी प्रदेशले घरेलु मदिरालाई वैधानिक बनाउँदै मापदण्ड कायम गर्न संघीय सरकारसँग समन्वय गरेर अगाडि बढ्ने योजना बजेटमार्फत अघि सारेका हुन् ।

कोशीले घरेलु मदिरा ब्राण्डिङलाई विशेष प्राथमिकता दिएर कार्यक्रम ल्याएको छ । कोशी प्रदेशको संखुवासभा, भोजपुर, तेह्रथुमलगायत जिल्लाको वनजंगलमा पाइने ऐंसेलु, चुत्रो, घंगारुबाट वाइन उत्पादन गरेर युरोप निर्यात भइरहेको छ । कोशी प्रदेशको हिन्वा वाइन मदिरापारखीको माझमा लोकप्रिय ब्राण्ड हो । आगामी आर्थिक वर्षका लागि कोशी प्रदेशका आन्तरिक मामिला तथा योजना मन्त्री रामबहादुर मगरले ३५ अर्ब २७ करोड ९३ लाखको बजेट सार्वजनिक गर्दै स्थानीय मदिराको मुद्दा उठान गरेका छन् । मन्त्री मगरले बजेट वक्तव्यको ५७ नम्बर बुँदामा घरेलु मदिरा ब्राण्डिङ र बजारीकरण गर्न संघीय सरकारसँग समन्वय गरेर काम गर्ने घोषणा गरेका हुन् । गण्डकी प्रदेशमा पनि घरेलु मदिराको व्यवस्थापनमा सरकारले गंभीरतापूर्वक लिएको पाइन्छ । राजश्वको दायरा भन्दा बाहिरै रहेको र लाखौंले उपभोग गर्ने घरेलु मदिरालाई व्यवस्थापन गर्न सकेको खण्डमा प्रदेश सरकारको आम्दानीको दरिलो स्रोत बन्ने सम्भावना देखिएको भन्दै गण्डकी सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा यो मुद्दा उठाएको बताइएको छ । प्रदेश सरकारको मातहतमा रहेर घरेलु मदिरालाई ब्राण्डिङ गर्दा प्रमुख चुनौतिको रुपमा अन्त:शुल्क रहेको बताइएको छ । प्रदेश सरकारको मातहतमा घरेलु मदिरा ब्राण्डिङ गर्ने क्रममा कम्तिमा १८ वटा विभिन्न किसिमका ऐनहरु संशोधन गर्नुपर्ने हुन्छ । हाल कानुनमा घरेलु मदिरा प्रत्येक घरले एक वर्षमा ५ लिटर भन्दा धेरै उत्पादन गर्न नमिल्ने उल्लेख छ । घरेलु मदिराको बजारीकरण, उत्पादन, अन्त:शुल्क लगायतको मदिरासँग सम्बन्धित ऐन तथा नियमहरु बाधक बनेको हो ।

हाल नेपालमा मदिराको अन्त:शुल्क संघीय सरकारले मात्र लिन पाउने, घरेलु मदिरा चाडपर्व वा अन्य साँस्कृतिक कार्यको लागि एक वर्षमा ५ लिटर मात्रै उत्पादन गर्न पाउने कानून छ । घरेलु मदिराको बजारीकरण गर्न नपाउने नियम छ । घरेलु मदिरा ब्राण्डिङ गर्नसके यसले प्रदेशको अर्थतन्त्रमा बलियो हुने जानकारहरु बताउँछन् । घरेलु मदिरा ब्राण्डिङ नभएका कारण खुलमखुला बिक्री नभए पनि गाउँघरमा धेरै ठूलो परिमाणमा घरेलु मदिरा नै बिक्री हुने गरेको पाइन्छ । मकवानपुर प्रहरीले घरेलु मदिरा बरामद गर्ने र नष्ट गर्ने कार्य गर्दै आएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । घरैपिच्छे उत्पादन र उपभोग हुने घरेलु मदिरामा वार्षिक कति खाद्यान्न खपत भइरहेको छ ? भन्ने भरपर्दो तथ्यांक पनि कतै पाइएको छैन । यद्यपी घरेलु मदिरा व्यवस्थापन गरी ब्राण्डिङ गर्ने हो भने राजश्वमा यसको सम्भावना धरै रहेको जानकारहरु बताउँछन् । हिमाली जिल्लामा उवा, पहाडी जिल्लामा कोदो र तराइका जिल्लामा अन्य खाद्यान्हबाट बढी मात्रामा घरेलु मदिरा उत्पादन भइरहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असार ११ गते मंगलबार २५ जुन २०२४ । चतुर्थी, आषाढ कृष्णपक्ष । तछलागा ११४४ ने.सं. । सूर्योदय ५:११, सूर्यास्त ७:०१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मनोरञ्जन प्राप्त हुनेछ | **तुला** | : मनमा निरासा उत्पन्न हुनेछ |
| **वृष** | : व्यापारबाट लाभ मिल्नेछ | **वृश्चिक** | : समयले साथ दिनेछ |
| **मिथुन** | : स्वास्थ्योपचारमा खर्च हुनेछ | **धनु** | : रमाइलोमा दिन बित्नेछ |
| **कर्कट** | : मानसिक असन्तुष्टि बढ्नेछ | **मकर** | : जोश जागर आउनेछ |
| **सिंह** | : ज्ञानगुनका कुरा जान्न पाइनेछ | **कुम्भ** | : समयले साथ दिनेछ |
| **कन्या** | : काम अपुरै रहने देखिन्छ | **मीन** | : राम्रो समाचार सुन्न पाइनेछ |

# युवाकै कारण बर्बादीमा देश



✍ श्रीप्रसाद देवकोटा

इतिहासलाई अध्ययन गर्ने हो भने हरेक राजनीतिक आन्दोलनमा युवाहरूको योगदान अतुलनीय र महत्वपूर्ण देखिन्छ । १९९६ सालको राणाविरोधी आन्दोलन, २०३६ र २०४६ सालको जनआन्दोलन, २०५२ सालमा सुरु भएको माओवादी युद्ध, मधेश आन्दोलन र पछिल्लो २०६२-६३ सालको जनआन्दोलनमा हजारौं शहीद, घाइते, अपाङ्ग र बेपत्ता, लाखौं विस्थापित हुनपुगे । यी आन्दोलनमा युवाहरूको योगदान अतुलनीय थियो ।

मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रमा पुऱ्याउन मुख्यत: राजनैतिक दलहरू र विशेषगरी दलभित्रका युवाहरूको त्याग, बलिदान र समर्पण मुख्य छ । अझ भनौं युवा त्याग र बलिदानको उपज नै संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल हो । नेपालको संविधान २०७२ मार्फत नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रूपमा परिभाषित गरियो । त्यस पश्चात् राजनैतिक वृत्तमा एक भाष्य निर्माण गरियो ।

मुलुकमा राजनैतिक आन्दोलन सफल भएको र अबको राजनैतिक कार्यदिशा विकास र समृद्धिमा केन्द्रित हुने रटान सबै दलहरूले आ-आफ्ना राजनैतिक घोषणापत्र मार्फत प्रस्तुत गरे । नागरिक समाज, बुद्धिजीवी र प्रबुद्ध वर्गले पनि यस कुराको खुलेरै समर्थन गरे । नागरिकमा पनि सकारात्कता देखिन्थ्यो, विशेषगरी युवा वर्गमा । लामो समयसम्म राजनैतिक आन्दोलन र प्रदर्शनका कारण सुस्ताएको विकास र अर्थतन्त्र बौरिने आश थियो ।तर चीनको वुहानबाट सुरु भएर विश्वका १८८ देशमा फैलिएको कोभिड-१९ महामारीको कारण मुलुकले नयाँ आर्थिक र सामाजिक संकटको सामना गर्नुपऱ्यो । यसको बहुआयामिक असरले नछोएको कुनै क्षेत्र रहेन । विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) को तथ्याङ्क अनुसार महामारीले नेपालमा मात्र १२ हजार भन्दा बढीको ज्यान लियो ।

यसैगरी अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) को 'कोभिड-१९ ले नेपालको श्रमबजारमा पारेको प्रभाव' विषयक अध्ययन प्रतिवेदनले कोरोना महामारी तथा बन्दाबन्दीका कारण नेपालमा ३७ लाखको रोजगारी गुमेको तथ्य प्रकाशित गरेको छ । अर्कोतर्फ राष्ट्रिय योजना आयोगको अगुवाइमा सङ्कलन गरेको तथ्याङ्क अनुसार २०७२ सालको भूकम्पको कारण ८ हजार ८९१ जनाभन्दा बढीको ज्यान गुमेको, २२ हजार ३०० भन्दा बढी घाइते र ३५ लाख मानिस घरबारविहीन भएका थिए र लाखौंको रोजगारी गुमेको थियो । सो भूकम्पका कारण हजारौं पहिरोहरू पनि गएका छन् जसले समुदाय र महत्वपूर्ण पूर्वाधारहरूमा पनि ठूलो क्षति पुऱ्याएको छ ।

यी दुई घटनाका कारण मुलुकको अर्थतन्त्र गम्भीर समस्यामा पऱ्यो । धेरै कलकार खाना, उद्योग, व्यापार बन्द हुनपुगे । लाखौंको रोजगारी पनि गुम्यो । नागरिकमा चरम निराश बढ्दै गयो । मुलुकले करिब दर्जन जति ठूला राजनैतिक आन्दोलन भोगिसकेको छ । हजारौंको मृत्यु, कैयौं बेपत्ता, हजारौं घाइते, कैयौं परिवार विस्थापित छन् । राजनीतिक आन्दोलनले चरण-चरणमा थला परेको मुलुक बितेको दश वर्षमा कोरोना महामारी र भूकम्पको ठूलो चोटले झनै प्रताडित बन्यो ।

विभिन्न अध्ययन र शोधपत्रहरूले विभिन्न मुलुकमा राजनीतिक पद्धति परिवर्तन पश्चात् देश राजनीतिक स्थिरतातर्फ उन्मुख भएको निचोड प्रस्तुत गरेका छन् । इतिहासको कुनै कालखण्डमा प्राकृतिक विपत्ति वा ठूलो द्वन्द्व भोगेका मुलुकहरू अर्को कालखण्डमा तीव्र आर्थिक विकास र समृद्धि गर्न सफल भएका धेरै उदाहरण उल्लेख गरेका छन् । प्रत्येक घटना/दुर्घटनाको पछाडि सिकाइ र अवसरहरू हुन्छन् । तर हाम्रो मुलुकले इतिहासमा जुनै संकट भोगे पनि त्यसको सम्भावनाको कुनै अवसर लिन सकेन । यसको पछाडि विभिन्न कारण छन् । मुख्यत: अहिलेको युवा पुस्ता प्रमुख कारण हो ।

हिजो, राजनैतिक आन्दोलनमा त्याग र बलिदानका लागि युवा पुस्ताबीच हानथाप देखिन्थ्यो । व्यक्तिगत र पारिवारिक जीवन त्यागेर आन्दोलनको अग्रदस्तामा युवाहरूको ठूलो संख्या थियो । युवामा भोक र शोकको कुनै पर्वाह थिएन । फलस्वरूप विभिन्न कालखण्डका राजनैतिक आन्दोलन सफल रहे र राजनैतिक उपलब्धिलाई संविधान मार्फत संस्थागत गरियो । यसकारण राजनैतिक आन्दोलन हिजोका युवाहरूको त्याग र तपस्याकै कारण सफल भएको मान्न सकिन्छ ।

जब मुलुक आर्थिक समृद्धि र विकासको चरणमा प्रवेश गऱ्यो, योगदान गर्ने युवाहरू व्यक्तिगत स्वार्थ र राजनैतिक कित्ताकाटमा विभाजित हुनपुगे । विशेषगरी दुई सोच युवामा देखियो । एक विदेश पलायन हुने, अर्को राजनैतिक दलको आवरणमा लुटतन्त्र मच्चाउने । ग्रामीण भूगोल र न्यून आर्थिक स्तर भएका युवाहरूको रोजगारीको गन्तव्य अरबका खाडी मुलुक र मलेसिया, दक्षिण कोरिया बनेको छरु । राष्ट्र बैंकको तथ्याङ्क अनुसार चालु आर्थिक वर्षको ६ महिनामा मात्र रोजगारीका लागि ३ लाख ४३ हजार ४०५ जनाले मुलुक छोडेका छन् ।

यसैगरी पढेलेखेका र आर्थिक स्तर सबल भएका युवा उच्च शिक्षाको गन्तव्य अमेरिका, अस्ट्रेलिया र क्यानडा बनेको छरु । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय वैदेशिक अध्ययन अनुमति शाखाका अनुसार चालु आर्थिक वर्षको ६ महिनामा ८५ हजार ७५ जना विदेशिएका छन् । ६ महिनामा उच्च शिक्षा अध्ययनका नाममा ५८ अर्ब ९५ करोड १ लाख रूपैयाँ बाहिरिएको हो । बहु-विश्वविद्यालयको अवधारणा बमोजिम हाल दर्जनभन्दा बढी विश्वविद्यालयहरू र आधा दर्जन जति प्रतिष्ठानहरू सञ्चालनमा छन् । विश्वविद्यालय र प्रतिष्ठानहरूमा रहेका सामुदायिक, आंगिक र निजी गरी जम्मा १ हजार ४३२ क्याम्पसहरू सञ्चालनमा रहेका छन् ।

हिजो ४० सिटमा भर्नाका लागि हजारौ आवेदन पर्ने विषयहरूमा आज विद्यार्थी पाउन मुस्किल छ । यसले हाम्रा विश्वविद्यालयको विश्वसनीयता र गुणस्तरमा प्रश्न उब्जाएको छ । अर्कोतर्फ चालीस-पचास लाखको सम्पत्ति देखाएर विदेश पुगेका युवाहरूको गन्तव्य विश्वविद्यालय र अध्ययन हैन, काम र दाम बन्न पुगेको छरु । विश्वविद्यालयको शुल्क, विदेश जाँदाको ऋण र त्यहाँको बसाइ खर्च धान्नका लागि जस्तोसुकै काम गर्न बाध्य छन् ।

घरमा सामान्य काम नगरेका हाम्रा युवायुवती त्यहाँ गएर के काम गर्छन्, कसैलाई थाहा छैन । विदेशबाट फर्किएकाहरूले पनि यो काम गर्छौं भनेर कसैका सामु भन्दैनन् । काम र बसाइको बारेमा भन्न प्राय:ले हिच्किचाउँछन् । यसले विदेशमा नेपाली र उनीहरूको दैनिकी कसरी गुज्रिएको छ, सजिलै बुझ्न सकिन्छ ।

गत चुनावमा काङ्ग्रेस, एमाले र माओवादीले मात्र वाचा गरेको संख्यालाई हेर्ने हो भने पाँच वर्षभित्र मुलुकमा बेरोजगारी अन्त्य हुने देखिन्छ । नेपाली कांग्रेसले पाँच वर्षमा १२ लाख ५० हजार, एमालेले ५ लाख र माओवादीले २० लाख रोजगारी सिर्जना गर्ने वाचा गरेको थियो । उक्त वाचाको करिब दुई वर्ष बितिसकेको छ, तर कहाँ कतिलाई रोजगारी सिर्जना गरियो कुनै तथ्य छैन । यसले हाम्रा राजनैतिक पार्टी र नेतृत्व कति गैरजिम्मेवार छन् भन्ने पुष्टि हुन्छ ।

शिक्षा वा रोजगारी जुनै माध्यमबाट भए पनि विदेशिनु हाम्रो बाध्यता हो कि रहर? किन मुलुकमा नै खोजिंदैन विकल्प ?

घरखेत बन्धक राखेर रोजगारी र उच्च शिक्षाका लागि विदेश पठाउन पचास लाख खर्च गर्ने परिवारले मुलुकमा नै त्यही रकम लगानी गरेर उनीहरूलाई अगाडि बढ्न किन प्रेरित गर्दैनन् ? मुलुकमा नै युवा रोक्नभन्दा पनि वैदेशिक यात्रालाई सहज बनाउन सरकार किन लागिराखेको छ ? यी प्रश्नहरूले परिवार, समाज र मुलुक नै जेलिएको छ । लाखौं मानिसलाई रोजगार सिर्जना गर्न सक्ने (विराटनगर जुटमिल, गोरखकाली रबर उद्योग, भृकुटी कागज कार खाना, बाँसबारी छालाजुत्ता उद्योग, बालाजु कपडा उद्योग, हिमाल सिमेन्ट, हरिसिद्धि ईंटा टायल उद्योग, काँचो छाला संकलन तथा बिक्री उद्योग, रघुपति जुट मिल्स, नेपाल चिया विकास उद्योग) लगायत दर्जनौं उद्योगहरू बेचिएको छ । कोही किन बोल्दैन ? कोही बोल्नेवाला छैन किनकि उसको दल मिसिएको छ, उसको नेता मिसिएको छ ।

अहिले देशभित्र युवाशक्तिको अभाव छरु । हिजो रोजीरोटीले गाउँका गाउँ रित्तिएका थिए । आज शिक्षाको नामले शहरहरू रित्तिएका छन् । गाउँ र शहर दुवैमा मलामी र जन्ती जाने युवाहरू भेटिंदैनन् । संस्कार र संस्कृति रित्तिएको छ । गाउँबस्तीका कृषि व्यवसाय संकटग्रस्त हुन थालेका छन् । शहरका कलकार खाना र उद्योगहरू बन्द भएका छन् । कृषिदेखि उद्योग सञ्चालनका लागि छिमेकी मुलुकबाट श्रमिकहरू आयात गर्नुपरेको छ । वैदेशिक रोजगारी र उच्चा शिक्षाले मुलुकको श्रम बजार थलिएको छ ।

अर्कोतर्फ देश नछाड्ने युवाहरू राजनीतिमा छन्, कोही युवा दस्तामा त कोही विद्यार्थी संघ संगठनमा । औपचारिक कार्यक्रम र बहसमा निकै राष्ट्रसेवी र मुलुकको समृद्धिको लागि आफ्नै मुलुकमा त्याग, बलिदान र योगदान गर्ने बताउँछन् । तर वास्तविकता पृथक् छ । राजनीतिक पहुँचको आडमा तस्करका मतियार बनेका छन् । वडाध्यक्षदेखि संघका मन्त्रीको वरिपरि रहेर शक्तिको आडमा तस्करी र अवैधानिक काम गर्छन् । कर्मचारीको सरुवा, बढुवा, तस्करीबाट आफ्नो दैनिकी चलाउँछन् । कुनै देखिने पेशा, रोजगारी वा पैतृक सम्पत्ति नभएका कथित राष्ट्रसेवक युवाहरूको उच्च तहको जीवनयापन छ । न त दलहरूले यसको अनुसन्धान गरेका छन् न त सरकारले नै । उल्टै राजनैतिक संरक्षण छ ।

बाहिर आएका अधिकांश भ्रष्टाचारका घटनामा युवा नेताहरूको संलग्नता देखिएको छ । सामाजिक सञ्जालको दबाबका कारण केहीलाई अनुसन्धानको दायरामा ल्याइए पनि प्रक्रिया पुऱ्याएर छोडिएको छ । राजनीतिमा भिज्न र टिक्न निर्वाचन प्रणाली महँगो हुने भएकोले पनि राजनीति गर्ने अधिकांश युवा तस्कर, गुण्डा, बिचौलियाको रूपमा प्रयोग भएका छन् ।

अन्त्यमा, आज एक युवा राजनीतिप्रति घृणा व्यक्त गर्दै, दल र नेताहरूलाई धिक्कार्दै विदेश पलायन भएको छ । अर्को युवा राजनीतिलाई नै लुटिखाने पेसा बनाएर सच्चा देशप्रेमी बनिटोपलेको छ । युवाका दुवै सोच र क्रियाक्लापका कारण देश अप्ठ्यारोमा पुगेको छ । वैदेशिक रोजगारी र शिक्षाले व्यक्ति र परिवारको आर्थिक अवस्था मजबुत त होला तर देश बन्नेवाला छैन । युवाको राजनैतिक बिचौलियाको रोलले व्यक्ति र दल बलियो होला तर मुलुक बन्नेवाला छैन । युवाको काँधमा देश विकासको उत्तरदायित्व र आवश्यकता हुन्छ । खास-खास चरणमा युवाहरूको त्याग, बलिदान र योगदान मुलुकका लागि अत्यावश्यक हुन्छ ।

मुलुक बनाउने जिम्मा युवाहरूकै हो । तर हाम्रा युवाहरू पन्छिएका छन् । युवाले समस्या देखाएर भाग्ने हैन, समाधान गर्ने हो । हिजोको राजनैतिक आन्दोलनहरू युवा बलिदान र त्यागकै कारण सफल भएका हुन् । तर देशमा भ्रष्टाचार, बेथिति र अविकास आजका युवाकै कारण मौलाएको हो । अहिलेका विकसित मुलुकहरू कुनै पनि रेमिट्यान्स र दातृराष्ट्रको सहयोगले समृद्ध बनेका हैनन् । आफ्नै युवाको रगत र पसिनाले समृद्ध बनेका हुन् । देश समृद्ध बन्दा समाज र परिवार पनि समृद्ध बन्छ । यसैले युवाहरूले सोच्ने बेला आएको छ ।

*(साभार: अनलाइनखबर)*

# जलवायु परिवर्तनले नेपाललाई परेको सङ्कट

✍ श्रीवत्सराज न्यौपाने

विश्वलाई जलवायु परिवर्तनले बहुतै सङ्कट सामना गर्नुपरेको छ । यसरी जलवायु परिवर्तन हुनुको मुख्य कारण खनिज इन्धन नै हो । विश्वका खनिज इन्धन उत्पादन गर्ने देशहरूले एकै पटक विस्थापित गर्न नसके पनि क्रमश: उत्पादन घटाउँदै जाऔं । सन् २०५० सम्ममा खुद शून्य कार्बन उत्सर्जन गर्नुपर्छ । यो निर्णय गर्न अत्यावश्यक छ । जलवायु सङ्कट समाधानका लागि बहुपक्षीय बैंक स्थापना गर्नुपर्ने आवश्यकता पनि भैसकेको छ । इन्धनको विषयमा हामीले महत्वाकांक्षी नतिजा हासिल गर्नुपर्ने अति जरुरी भैसकेको छ ।

समय घर्किसकेको छ । यो खनिज इन्धनलाई चरणबद्ध ढङ्गले विस्थापित गर्न र जलवायु परिवर्तनको विश्वव्यापी चुनौती सामना गर्नलाई बहुपक्षीयताको महत्व कोप-२८ ले पुन: पुष्टि गरेको छ । पृथ्वीवासी हरेक प्राणी र पृथ्वीकै लागि पनि यो सम्मेलन महत्वपूर्ण रहने र कार्बनशून्य गर्ने प्रक्रियालाई (डिकार्बोनाइजेसन)ले नयाँ रोजगारी पनि सिर्जना गर्ने बताउँदै विकसित राष्ट्रले यसलाई सजिलो पार्न विकासोन्मुख राष्ट्रलाई वित्तीय र प्राविधिक सहयोग पनि गर्नुपर्छ भनी संयुक्त अरब इमिरेट्स (युएई) दुबईमा सम्पन्न सम्मेलनमा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरसले भन्नुभएको भनी पत्र-पत्रिकामा प्रकाशित भएको छ ।

हामी सबैको साझा घर हो पृथ्वी । पृथ्वी नै जलवायु परिवर्तनका कारण सङ्कटग्रस्त छ । लगातार तापमान बढ्दा पृथ्वीको प्राकृतिक प्रणाली बिथोलिएकोले मानव अस्तित्वसँगै पृथ्वीमा आश्रित जीवजन्तु पनि अति सङ्कटमा छन् । जलवायु सङ्कटको गम्भीरता र जोखिमताको हिसाबले नेपाल विश्वकै अग्रसूचीमा छ । हाम्रो हिमालयका पहाड तातेर हिउँ हराइसकेको छ । हिउँ-पहिरो जाँदाजाँदै अब विस्फोटनको सँघारमा पुगिसकेका छन् । त्यसै त हाम्रो गरिबी, भूगोल तथा सामाजिक कारणले धेरै-धेरै जोखिममा थियौं, जसलाई जलवायु परिवर्तनले झन्-झन् उकुसमुकुस परिरहेको छ । अब बाँकी पहाड, तराईका जङ्गल पनि तापक्रम बढेर डढेलोले सखाप हुने हो कि भन्ने हामीलाई ठूलो त्रास छ ।

निकट भविष्यमा नै हाम्रो देश अफ्रिकाका गर्मी भनिएका देश र खाडी प्रदेशजस्तै हुने सम्भावना पनि देखिएको छ । विश्वका गर्मी भनिएका देशमा बसोबास गर्ने मानिसहरूसमेत अब आफ्नो देशमा बस्न, अड्न नसकेर शीतल खोज्दै बाँकी बचेकाहरू उत्तरतर्फ लाग्ने सम्भावना छ । हालै प्रकाशित केही पत्रिकाहरूमा एसिया र अफ्रिकाका 'स्लम' क्षेत्रका मानिस जलवायु परिवर्तनको पहिलो मारमा छन् भनी उल्लेख गरिएकोले उक्त उल्लेख भएजस्तै हाम्रो देशका बासिन्दा हाम्रो गरिबी, भूगोल र सामाजिक तथा हिमालयमा हिउँ कत्ति नहुनु, हिमालय काला पहाडमा परिवर्तन हुनुसमेतका कारणले भविष्यमा सबैभन्दा पहिले जलवायु परिवर्तनको चपेटामा पर्ने सम्भावनामा पुगिसकेका छौं । यसरी जलवायु परिवर्तन हुनुपर्ने मुख्य कारण खनिज इन्धन नै हो, यसकारण यसलाई विस्थापित गरौं । एकै पटक नसके पनि क्रमश: गरौं भनी महासचिव गुटेरसले भन्नुभएको पनि छ । तर जलवायु परिवर्तन हुनुमा कुन-कुन देशको हात छ भनेर कसैले भनेको पाइएको छैन ।

**बर्सादको झरी** :

यससम्बन्धमा मेरो (म अहिले ९२ वर्षको भएँ) अनुभव यस प्रकार छ- २००१ साल भाद्र महिनाको कुरा हो । मेरो हजुरबुबा पण्डित उमानाथ न्यौपाने करिब ७३ वर्ष उमेरका व्यक्तिले भैंसी बाँधेको स्याउलाको छाप्रोमुनि गई भैंसीलाई देखाएर भन्नुभएको थियो (उहाँकै शब्दमा)- 'यी भैंसीका सिङमा भाद्र महिना लागेपछि झ्याउ उम्रन्थ्यो, अब झ्याउ उम्रन छोड्यो । आकाशबाट पानी आउनै छोड्यो । पोहोर-परारको झरी अब कहाँ गयो ?' मसमेतका ४/५ जना बूढापाका व्यक्तिका अगाडि उहाँले यसरी भन्नुभएको थियो । त्यति बेला म १२ वर्षको मात्र थिएँ । त्यसपछि हरेक वर्ष बर्सादको समयमा उहाँका ती शब्द, ती वाणी मलाई सधैँ गुञ्जिरहेका छन् । स्मरण र होस्, बर्सादको समयमा पनि भैंसी बाहिरै पानी पर्ने ठाउँमै कीलो-दाम्लोमा राख्ने चलन थियो । उहाँले यो पनि भन्नुभयो- 'पूर्वबाट आउने हावा नआई पानी पर्दैन । लामो झरी बर्सदैन । पूर्वबाट ५/६/७ दिनसम्म हावा चल्यो भने त्यति नै दिन पानी पर्छ । पूर्वबाट हावा चल्नै छोड्यो । किन हावा चल्न छोड्यो ?' यसरी यो पनि उहाँले प्रश्नजस्तै गरी भन्नुभएको थियो ।

२००१ सालको बर्सादभन्दा अहिले १० गुणा पानी पर्न कम भैसकेको छ । पूर्वबाट आउने हावा किन बन्द भयो भनी विचार गर्दा, समुद्रमा जहाँ बढी गहिरो छ त्यहाँ नै पृथ्वीभित्रबाट खनिज इन्धन ग्यास उत्सर्जन भई समुद्रको पानीलाई मडारी, उथलपुथल बनाई, त्यही पानी उम्लेको जोड्ने हावा सिर्जना गरी त्यही हावा पूर्वबाट पश्चिमतर्फ आउने र त्यसको २/३ घण्टा वा ४/५ घण्टापछि अथवा कहिले हावासँगै पानी आउने । त्यसपछि हावा सिर्जना भई, ग्यासको मात्रा बढेर ग्यास वृद्धि भई, ग्यासले नै पानी बोकेर उठाई, आकाशमै पुऱ्याई, ग्यासकै शक्तिले बादल पनि बनाई ठूला-ठूला पानीका मुस्ला समुद्रबाट उठाई, हावाको मद्दतले सबैतिर फिँजाई पानी पार्ने, आँधीबेहरी आउने पनि त्यही ग्यासको शक्ति रहेछ । वैज्ञानिकहरूले त्यही ठाउँ पत्ता लगाई बंगलादेश, मलेसिया आदि दक्षिणपूर्वी एसियाका देशहरूले समुद्रभित्र पाइप गाडी, त्यो खनिज इन्धन पाइपद्वारा निकाली, ट्याङ्करभित्र हाली, बाहिर निस्कने बाटो बन्द गरिदिएकोले पूर्वबाट आउने हावा, पानी सबै बन्द भयो । पूर्वबाट आउने हावा पुस-माघमा ३/४/५ दिन चल्यो भने त्यति नै दिन झरी हाली हाम्रा हिमालयमा हिउँ भरिने रहेछ । पूर्वबाट हावा यिनै कारणले चल्न पनि छोड्यो, पानी पर्न पनि छोड्यो र हाम्रा हिमालय काला पहाडमा परिणत पनि भए । र, हाम्रो देशमा जलवायुमा परिवर्तन आयो । अनि यो सङ्कट उत्पन्न भयो ।

एसियाको दक्षिणपूर्वमा पर्ने देशहरूले मात्र खनिज इन्धन उत्पादन ५० प्रतिशत कम गर्ने हो भने मात्र पनि आधा पृथ्वी जलवायु परिवर्तनको सङ्कटबाट केही मुक्ति पाउने थियो । यसबाहेक रूस तथा खाडी प्रदेशका देशहरूबाट पनि ५० प्रतिशत खनिज इन्धन समुद्रबाट निकाल्न कम गर्ने हो भने सारा पृथ्वी नै जलवायु सङ्कटबाट धेरै मात्रामा उन्मुक्ति (राहत) पाउने थियो । यसरी जलवायु परिवर्तन हुनुका कारण यिनै हुन् भनी हाम्रो देशका विद्वान्, विशेषज्ञहरूले प्रस्टरुपमा भनेको पाइएको छैन तापनि यो निश्चय हो कि जलवायु परिवर्तनबाट उन्मुक्ति पाउन खनिज इन्धन निकाल्न कम गर्नै पर्छ । यससम्बन्धमा कदम चाल्नै पर्छ । अरू उपायबाट केही दिन कम भएजस्तै होला, तर दीर्घकालीन मुक्ति हुँदै हुँदैन । विश्वमा जलवायु परिवर्तनका सम्बन्धमा धेरै सम्मेलन, बैठक भए । तर अब यसै गर्ने, यही तरिकाले विश्वका जनतालाई जलवायु परिवर्तनको चपेटाबाट मुक्त गराउने भन्ने ठोस निर्णय भएको पाइएको छैन । नेपालमा, मेचीदेखि महाकालीसम्मका हामी नेपाली हिमालयको काखमा बसेका भाग्यमानी नेपाली थियौं । अब त्यो भाग्यमानीबाट दु:खी नेपालीमा परिणत भयौं, किनभने एसियाका दक्षिणपूर्वी देशहरूले समुद्रबाट खनिज इन्धन निकाली हाम्रो देशमा आउने हावा र पानी बन्द गरिदिएकोले । आठ-दश वर्षयता कहिले-कहिले पानी त पर्छ तर त्यो पानीको रुप कस्तो छ भने कुनै एउटा गाउँमा पानी पर्छ अनि त्यो गाउँमा पहिरो जान्छ । जनधनको ठूलो क्षति गर्छ । तर त्यो पानी एक क्लिोमिटर परको गाउँमा कत्ति पनि परेको हुँदैन । नेपालभरि यही हालत छ । सबैतिर सन्तुलित तरिकाले झम्झम् झरी पर्ने, देशैभरि एकै पटक पर्ने यो सबै शक्ति त्यही ग्यासको रहेछ । त्यही शक्ति विश्वभरका भान्सा-भान्सामा पुग्यो । अब कसरी झरी पर्छ ?

**खानेपानीको हाहाकार** :

पहिले-पहिले सन्तुलित तरिकाले रातभरि, दिनभरि असार-साउनमा झम्झम् पानी पर्थ्यो । त्यसरी पानी परेपछि मूल फुट्यो भन्ने चलन थियो । त्यसरी मूल फुटेपछि तराईका जमिनमा ४/५ फीट खन्दैमा पानी निस्कन्थ्यो, अब ४५/५० फीट पाइप गाडे पनि पानी आउन मुस्किल भैसकेको छ । त्यसरी मूल फुटेपछि विशेष गरी पहाडका गाउँमा घरभित्रै पानी उम्रेर सम्हाल्न निकै मुस्किल पर्दथ्यो । जहाँनेर पानी पलायो त्यही ठाउँबाट सानो कुलोजस्तो बनाएर घरबाहिर त्यो पानीलाई निकाल्ने, तर्काउने चलन थियो । यो स्थिति कतिपय घरमा देखिन्थ्यो । खोल्साखोल्सीमा जताततै पानी पलाउँथ्यो । पीचरोड थिएन । त्यति बेला मूल बाटैमा पनि जुत्ता लगाएर पैदल हिँड्न निकै मुस्किल पर्दथ्यो । त्यसरी बर्सादमा पानी पलाएपछि वैशाख-जेठमा पनि खानेपानी सुक्तैनथ्यो । अब त्यो मूल फुट्ने गरी झरी पर्ने (पानी पर्ने) दिन कहाँ गए ? खानेपानीको पनि हाहाकार भैसकेको छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# 'इनोसेन्ट' स्वभाव र कर्णप्रिय स्वरका संगम करण परियार

## डेलिभरी ब्वाइदेखि नेपाल आइडलसम्म



काठमाडौं/चार महिनाअघि गायन रियालिटी शो नेपाल आइडल सिजन ५ का लागि देशव्यापी अडिसन भइरहेको थियो । सातै प्रदेशका प्रमुख सहरमा अडिसन सकिएर संघीय राजधानीमा अडिसन हुँदैथ्यो । यस्तोमा एक २०-२२ वर्षीय युवक जजहरु न्ह्यू बज्राचार्य, इन्दिरा जोशी र कालीप्रसाद बाँस्कोटा सामुन्ने अडिसन दिन उपस्थित भए ।

सामान्य कपडा, गोडामा चप्पल, हातमा पञ्जा लगाएका दुब्लो पातलो कदका ती युवकले गाए- शिव परियारको स्वरमा रहेको फिल्म 'ब्याच नम्बर १६' को गीत 'संगी' । उनको गायकी यस्तो थियो कि जजहरु नै मन्त्रमुग्ध बने । स्पष्ट र सुरिलो आवाज, खोट लगाउने कतै ठाउँ थिएन । उनी थिए बर्दियाको बारबर्दिया नगरपालिकाका करण परियार ।

गीत सकिएपछि जज न्ह्यूले सोधे- 'तिमी संगीत सिक्ने बाहेक के गर्छौ ?' उनले भने- 'काम गर्छु, कार्पेट फर्निसिङमा डेलिभरी ब्वाइको ।'

न्ह्यूले फेरि भने- 'तिमी गिफ्टेड मान्छे हौ । यदि भगवान छन् भने तिमीलाई भगवानले नै संगीत हालेर पठाइदिएको हो ।' जज इन्दिराले थपिन्- 'रेडिमेड जस्तो टक्क मिलेको आवाज ।'

न्ह्यूले फेरि सोधे- 'यस्तो राम्रो आवाज भएको मान्छेलाई कसैले गीत रेकर्डिङ गर्न बोलाएन ?'

करणले भने- 'नाइँ' । उनको निर्दोषपन यस्त थियो कि जजहरुले भनेको कुराको सिधा र सरल जवाफ दिन्थे ।

न्ह्यूले 'अब तिमीलाई सुनेपछि धेरैले गीत रेकर्डिङको अफर गर्नेछन्' भने ।

उनको गायकी सुनेर जजहरुले एकपछि अर्को गीत सुनाउन लगाए । उनले निर्धक्क अन्य गीतहरु पनि गाएर सुनाए । जजहरुले सेलेक्ट भएको कार्ड दिन आफूहरुतिर उनलाई बोलाए । जज इन्दिराले भनिन्- अहिलेसम्म कहाँ लुकेर बसेका थियौ मेरो राजा ।'

अर्का जज कालीप्रसादले भने- 'कार्ड दिनुअघि म तिमीलाई अँगालो हाल्छु ।' तर उनले कार्ड मात्र होइन, गोल्डेन माइक नै पो पाए । गोल्डेन माइक पाउने प्रतिस्पर्धी सिधै अर्को राउन्डमा पुग्न पाउँथे ।

करणले अडिसनमा गाएको भिडियो प्रसारण भएसँगै यो सामाजिक सञ्जालमा भाइरल भयो । गायक शिव परियारले 'करण भाइलाई देख्दा मेरै संघर्षको बेलाको याद आयो' भन्दै सामाजिक सञ्जालमा पोस्ट गरे । अन्य थुप्रै कलाकार र संगीतप्रेमीहरु करणको प्रशंसा गर्दै भिडियो सेयर गरे ।

यसरी बर्दियाको एक 'इनोसेन्ट' युवक नेपाल आइडलमा आएसँगै रातारात चर्चित बने । धेरैले त्यतिबेलै भने- 'नेपाल आइडल यिनैले जित्छन् होला ।' नभन्दै शनिबार सम्पन्न नेपाल आइडल सिजन ५ को ग्रान्ड फिनालेमा अरु तीन जना फाइनलिस्ट सचिन विश्वकर्मा, मोहित भुजेल र सलोमी गुरुङलाई दर्शकको भोटको आधारमा पछि पार्दै उनी विजेता चुनिए । विजेता घोषित भएसँगै उनलाई बधाई दिनेहरुको लर्को छ ।

यस सिजनमा सलोमी फर्स्ट रनरअप, सचिन सेकेन्ड रनरअप र मोहित थर्ड रनरअप भए ।

**संगीतले काठमाडौंसम्म डोऱ्यायो**

करण सानैदेखि संगीतमा लगाव राख्थे । घरमा, गाउँमा, स्कुलमा गाउँथे । उनलाई पठाएकी स्कुलकी शिक्षिका सुनाउँछिन्, 'हामीले कार्यक्रम सुरु गरेर करणलाई माइक दिएपछि विद्यार्थीहरुलाई बोलाइरहनै पर्दैनथ्यो ।'

यसले उनमा संगीतको तिर्खा, लगाव र मेहनत सानैदेखि थियो भन्ने देखाउँछ । सानैदेखि गायक बन्ने बाहेक अरु सपना नै उनले देखेनन् । 'मम्मी-बाबाले मलाई सुनाउनुहुन्थ्यो, म सानैदेखि गाउँथे रे । बुझ्ने भएदेखि सिंगर बन्ने बाहेक अरु सोचेकै थिइनँ ।'

गाउँमा गीत त गाउँथे तर संगीतको कखरा सिक्ने ठाउँ नै कहाँ थियो र ? त्यसपछि हो उनी काठमाडौं आएको । काठमाडौं आएपछि उनको संघर्ष कम्ता मर्मस्पर्शी छैन । 'सुरुमा काठमाडौं आएपछि म्युजिक सिक्नलाई पैसा थिएन । कतैबाट एक हजार रुपैयाँ म्यानेज गरेर, सरसँग रिक्वेस्ट गरेर सिक्न थालें ।'

उनी निराश भएनन् गाउँबाट जे सोच बोकेर आएका थिए, त्यो पूरा हुने बाटोतिरै थियो । काठमाडौं गएपछि गिटार किन्ने उनले सोचेका थिए । तर उनीसँग पैसा थिएन । कार्पेट डेलिभरी ब्वाइको काम गरेर महिना-महिना गरेर केही पैसा जोगाएका थिए उनले । अनि दुई हजार जति जम्मा भएपछि केही पैसा जोरजाम गरेर थपेर गिटार किने ।

काठमाडौं आउँदा उनको कोही थिएन । काम पाउन पनि गाह्रो थियो । त्यसबेला उनलाई भर थेग, साथ-सहयोग दिने साथी थिए रोहित । करणसँग केही समय त बुवा पनि बसे । त्यसबेला केही समस्या भएन । जब बुवा गाउँ फर्किए, करणलाई खाने, बस्ने समस्या भयो । त्यसबेला रोहितले आफ्नै घरमा लगेर उनलाई राखे । तीन दिन उनी रोहितको घरमा गएर बसे । आफ्नो साथीको प्रशंसामा करण भन्छन्, 'साथी होस् त यस्तो ।'

करणको सांगीतिक आइडल हुन् शिव परियार । उनले नेपाल आइडलमा शिवका केही गीत गाए । अनि शिवसँगै 'संगी' गाउने अवसर पनि पाए । त्यसबेला उनले भनेका थिए- 'मेरो सपना पूरा भयो ।'

**नेपाल आइडलमा उम्दा प्रस्तुति**

नेपाल आइडलमा सिजन ५ मा करणले एकपछि अर्को उम्दा प्रस्तुति दिए । उनले कहिले 'संगी' गाए त कहिले 'फूलको थुंगा हौ कि' । अनि कहिले 'के लत बस्यो' जस्तो गजल त कहिले नारायण गोपालको कालजयी गीत 'अल्झेछ क्यारे पछ्यौरी ।' सबै खालका गीतमा उनले जबर्जस्त प्रस्तुति दिँदै जज र संगीतप्रेमी श्रोताको मन जिते । नेपाल आइडलमा आउने धेरै अतिथिहरुले भन्थे- 'वाह, कस्तो मीठो गाएको । तपाईं धेरै माथि पुग्नुहुन्छ करण ।'

करणले चार महिनाको नेपाल आइडलको अवधिमा आफूलाई थप निखारेका छन् । निकै सिधा-सरल करणलाई यस्तै रुपमा रहिरहन उनलाई जज कालीप्रसाद आशीर्वाद मिश्रित आग्रह गरिरहन्छन् । भन्छन्, 'सांगीतिक आकाशमा उचाइको उडान भर्नु, धेरै नमात्तिनु, नआत्तिनु । खराब मान्छेको संगत पर्नबाट जोगिनु ।'

करणले नेपाल आइडलको उपाधि त जिते । तर सांगीतिक आकाशमा सफलताको उडान भर्न आफ्नै गीतको दरिलो साथ चाहिन्छ, ती गीत श्रोता-दर्शकले रुचाउनुपर्छ । करणको संगीत यात्राले बाटो पहिल्याउन थालिसकेको पनि छ ।

हालै उनले नेपाल आइडलका जज तथा संगीतकार न्ह्यू बज्राचार्यको संगीतमा एक गीत रेकर्ड समेत गरिसकेका छन् । अनि करणको 'युनिक' आवाजमा गीत रेकर्ड गराउन चाहने संगीतकारहरु पनि धेरै होलान् ।

गायक शिव परियार करणको निर्दोषपन र संगीतप्रति मोह, लगाव र दृढनिश्चयले धेरै माथि पुऱ्याउने बताउँछन् । 'करण बाहिर बाट हेर्दा ऊ जति निर्दोष देखिन्छ । भित्रबाट पनि उसलाई परिस्थितिहरुले जीवन बाँच्ने सवालमा धेरै कुरा सिकाएको महसुस हुन्छ । उसको बोलीमा, स्टाटसमा त्यो देखिन्छ,' शिव भन्छन्, 'भविष्यमा म के हुँ, म को हुँ, म कहाँबाट आएको हुँ, मेरो बाटो के हो भन्ने कुरा करणले आत्ममन गरेको जस्तो लाग्छ । यी कुरालाई जीवनमा मनन् गरेर बढ्छन् भन्ने कुरामा म विश्वस्त छु । उसको सांगीतिक भविष्य म उज्ज्वल देख्छु ।'

*(स्रोत: अनलाइनखबर)*

## 'एक्टर'को छायांकनमा प्रदीपलाई 'भ्यानेटी भ्यान'को सुविधा




काठमाडौं/हलिउड-बलिउड वा अन्य ठूला इन्डस्ट्रीमा फिल्मको छायांकन हुँदा कलाकारलाई 'भ्यानेटी भ्यान' उपलब्ध गराइन्छ । कसैको निजी 'भ्यानेटी भ्यान' पनि हुन्छ । त्यसमा घर जस्तै सुविधा हुन्छ । छायांकन नहुँदा आराम गर्न होस् वा मेकअप, ड्रेसअपका लागि 'भ्यानेटी भ्यान'को प्रयोग हुने गरेको पाइन्छ । यसमा मात्र निर्माताको लाखौं खर्च हुन्छ । तर, नेपालमा भने यसको अभ्यास कमै भएको छ ।

विशेषगरी सार्वजनिक ठाउँमा छायांकन गर्ने समयमा नेपाली कलाकारहरुलाई धेरै समस्या हुने गरेको छ । मेकअप गर्दा एकजनाले छाता उडाएर राख्नुपर्छ । ड्रेसअपका लागि होटल वा घरै पुग्नुपर्छ । शौचालयको समस्या पनि उस्तै हुन्छ । यिनै कुरालाई मध्यनजर गरेर 'एक्टर'का निर्माता थमन कुमार भण्डारीले फिल्मका अभिनेता प्रदीप खड्काका लागि 'भ्यानेटी भ्यान' उपलब्ध गराएका छन् ।

आफ्नो 'टेक' नहुँदा प्रदीपले त्यही भ्यानमा तयारी गरिरहेका छन् । अहिले उनको घर नै भ्यान बनेको छ । मेकअप तथा ड्रेसअपका लागि फिल्मका अन्य कलाकारहरुले पनि यो भ्यान प्रयोग गर्ने गरेका छन् । 'भ्यानेटी रुम' नाम दिइएको भ्यानलाई नेपालमा नै तयार पारिएको निर्माता भण्डारीले जानकारी दिए । एसी जडित भ्यानमा ऐना, बेड, दराज र छलफल गर्नका लागि बैठक कक्ष समेत छ । १० दिनको पोखरा सेड्युलपछि यतिबेला काठमाडौंमा छायांकन भइरहेको फिल्ममा प्रदीपको अपोजिटमा अभिनेत्रीद्वय आना शर्मा र दिव्या रायमाझी छन् । राजन भुसालको निर्देशनमा बनिरहेको फिल्ममा राजबल्लभ कोइराला पनि मुख्य भूमिकामा छन् । तर, उनी आफ्नो भागको छायांकन सकाएर अमेरिका फर्किसकेका छन् । यो फिल्म कात्तिक १५ गते (लक्ष्मीपूजा) देखि प्रदर्शन हुँदैछ ।

## 'खुस्मा' पोस्टरमा धीरज र उपासनाको केमेस्ट्री




काठमाडौं/आगामी असोज ३ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'खुस्मा'को क्यारेक्टर पोस्टर सार्वजनिक गरिएको छ । दुईमध्ये एउटा पोस्टरमा अभिनेता धीरज मगर र अभिनेत्री उपासना सिंह ठकुरी प्रेमिल भावमा देखिएका छन् । उपासनालाई धीरजले अंगालोमा बाँधेका छन् । अर्को पोस्टरमा भने उपासना गम्भीर भावमा चित्रित छन् । फिल्मले प्रेम र विछोडको कथा भन्ने पोस्टरले बुझाउँछ ।

मगर समुदायको पृष्ठभूमिमा बनेको फिल्ममा धीरज र उपासनासँगै माओत्से गुरुङ, खड्क बहादुर पुन (खबपु), सुजाता राई, राज थापा काउचा, विजय संयोक सुब्बा, राजु रेग्मी मगर, अस्तित्व भट्टचन, संगीता थापा मगर, अरुण पुन मगर, सारा राई, श्वेता मिश्र, विवेश मगर, दुईसाङ थिङ लगायतको अभिनय छ । यो फिल्मलाई पूर्वी रुकुम जिल्लाको ताकसेरा क्षेत्रमा छायांकन गरिएको हो ।

अशोक थापामगरको निर्देशनमा बनेको फिल्मको निर्माताहरुमा वीर बहादुर लामा, चन्द्र बहादुर भट्टचन, बेतान मगर, मान बहादुर धनाह मगर र सुस्मिता बुढाथोकी छन् । दीपक बज्राचार्यको छायांकन रहेको फिल्ममा एसडी योगी र छान्जु पार्कको संगीत, सुरेन्द्र राना, राम अविरल बिष्ट तथा निर्देशक थापा मगरको गीत रचना छ । फिल्मले द्वन्द्वकालीन समयको प्रेमकथा भन्ने जनाइएको छ ।

## 'जेरी अन टप'मा जसिता 'इन', आना 'आउट'



काठमाडौं/निर्माणको तयारीमा रहेको फिल्म 'जेरी अन टप'मा मुख्य अभिनेत्री फेरिएका छन् । करिब ६ महिना अगाडि नै फिल्ममा अनुबन्धित भइसकेकी अभिनेत्री आना शर्मालाई हटाएर निर्माण टिमले अर्की अभिनेत्री जसिता गुरुङलाई 'कास्ट' गरेको छ । अब यो फिल्ममा अभिनेता अनमोल केसीको जोडी जसितासँग बाँधिनेछ । यसअघि दुवैले 'फर्की फर्की'मा पहिलोपटक एकसाथ काम गरेका थिए ।

फिल्मबाट आनालाई हटाउनुमा उनले व्यावसायिकता नदेखाएको निर्माता सरोज न्यौपानको भनाई छ । 'हामीले 'फोटोसुट'का लागि एक हप्ता अगाडिदेखि तयारी गरेका थियो । शनिबार दिउँसोसम्म पर्खिंदा पनि उहाँ आउनुभएन । न फोन उठ्यो । यसअघि पनि उहाँले यस्तै गर्नुभएको थियो । यसरी त काम गर्न सकिन्न भनेरै कलाकार फेर्‍यौं । सबैमा व्यावसायिकता भन्ने हुनुहुन्छ,' उनले भने ।

करिब २ सातादेखि आना फिल्म 'एक्टर'को छायांकनमा व्यस्त छिन् । यसले गर्दा उनी 'जेरी अन टप'को कार्यशालामा सहभागी हुन पाएकी थिइनन् । र, शनिबारको 'फोटोसुट' समेत उनी नआएपछि निमाण टिमले उनको विकल्प खोजेको हो । तर, शनिबार आना 'एक्टर'को छायांकन पनि उपस्थित नभएको जनाइएको छ । २०७१ सालमा प्रदर्शन भएको 'जेरी'मा उनी नै मुख्य अभिनेत्री थिइन् ।

अभिनेत्री आँचल शर्माको समेत अभिनय रहने 'जेरी अन टप'लाई सुयोग गुरुङले निर्देशन गर्दैछन् । यसअघि यो फिल्मलाई हेमराज बिसीले निर्देशन गर्ने निश्चित भएको थियो । तर, उनी अमेरिका गएपछि फिल्ममा सुयोग भित्रिएका हुन् ।

सुयोगले यसअघि 'फर्की फर्की' निर्देशन गरेका थिए । आगामी साउन १ गतेदेखि छायांकन सुरु हुन लागेको फिल्मको निर्मातामा दीपक भण्डारी पनि छन् ।

## यूकेका हलमा रिलिज भयो 'पूजार सार्की'

काठमाडौं/यस वर्षको हिट फिल्म 'पूजार सार्की' संयुक्त अधिराज्य (यूके)मा पनि रिलिज भएको छ । जुन २१ (असार ७ गते) बाट युकेको दुई ठूला मल्टीप्लेक्स चेन ओडियन सिनेमाज तथा सिनेवर्ल्डमा फिल्म रिलिज भएको हो । यी चेनका बेसिङस्टोक, बर्मिंम न्यू स्ट्रिट, गिल्डफोर्ड, लिसेस्टर, म्यानचेस्टर ग्रेट नर्दन, एल्डरशट, फेल्दम लगायतका हलमा दैनिक रुपमा फिल्म हेर्न सकिने जनाइएको छ ।

फिल्मका निर्माता तथा संगीतकार सुवास भुसालले यूकेमा 'पूजार सार्की'को प्रदर्शन 'ऐतिहासिक' रहेको बताए । उनले भने- 'हामीले अहिले संसारभरका नेपालीहरु रहेका सहरहरुमा विभिन्न तवरबाट फिल्म प्रदर्शन गरिरहेका छौँ । यूकेमा बक्स अफिसमा रिलिज भएको छ, यो नेपाली फिल्मको लागि ऐतिहासिक क्षण हो । यसरी यूकेको बक्स अफिसमै कमै नेपाली फिल्म रिलिज भएका छन् ।'

यसअघि अमेरिकाका विभिन्न राज्यहरुमा समेत फिल्म बक्स अफिसमै रिलिज भएको थियो । जापान, कतार, दुबई, बहराइन जस्ता देशमा पनि फिल्म रिलिज भइसकेको छ । नेपालमा भने पाँचौं हप्तामा प्रदर्शनरत छ । अहिले पनि मल्टीप्लेक्सहरुमा फिल्मलाई सुखद् शोज छ । यसरी हेर्दा फिल्मले ५१औं दिन मनाउन सक्ने देखिन्छ । यो फिल्म गत जेठ १० गतेबाट प्रदर्शनमा आएको थियो ।

दिनेश राउतको निर्देशनमा तयार भएको 'पूजार सार्की'ले जातीय विभेदविरुद्धको कथा उठाएको छ । यसमा आर्यन सिग्देल, प्रदीप खड्का, पल शाह, अञ्जना बराइली, परीक्षा लिम्बू लगायतको मुख्य भूमिका छ ।

पहिलोपटक आर्यन, प्रदीप र पलले एकसाथ काम गरेकाले उनीहरुको स्टारडमको फाइदा फिल्मले राम्रैसँग उठायो । उनीहरुकै कारण फिल्मले आक्रामक 'ओपनिङ' गरेको थियो ।

**के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

मुख्यसचिवविरूद्ध भ्रष्टाचार मुद्दा :

## मुख्यसचिवको निलम्बनपछि कसले सम्हाल्छ कर्मचारी प्रशासन ?

काठमाडौं/अन्त:शुल्क स्टिकर खरिदमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेसँगै मुख्यसचिव डा. वैकुण्ठ अर्याल निलम्बनमा परेका छन् र कर्मचारी वृत्तमा चर्चा सुरु भइसकेको छ, अब निजामती कर्मचारी प्रशासनको मुख्यसचिव को ?

भ्रष्टाचारको मुद्दा लाग्दैमा कर्मचारी बर्खास्तीमा पर्दैनन्, अदालतले फैसला नगर्दासम्म निलम्बनमा मात्र पर्ने हो । त्यसकारण आइतबार विशेष अदालतमा दायर भएको भ्रष्टाचार मुद्दामा ३१ जेठ २०८३ भित्र भ्रष्टाचार ठहर भएमा मुख्यसचिव पद स्वत: पद रिक्त हुन्छ । सफाइ पाएमा अर्याल मुख्यसचिव पदमा फर्किने सम्भावना पनि हुन्छ ।

त्यसैले तत्कालका लागि सरकारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा रहेका मध्येबाट वरिष्ठतम सचिवलाई निमित्त मुख्यसचिव बनाउन सक्छ । त्यो अवस्थामा प्रधानमन्त्री कार्यालयकी कानुन मामिला हेर्ने सचिव लीलादेवी गड्तौलाले निमित्त मुख्यसचिवको जिम्मेवारी पाउने सम्भावना छ ।

उनी २७ कात्तिक २०७७ मा सचिवमा बढुवा भएकी हुन् । प्रधानमन्त्री कार्यालयमा हाल गड्तौलासँगै कृष्णहरि पुष्कर (प्रशासन), नारायण शर्मा दवाडी (विकास व्यवस्थापन), सरजुकुमार वैद्य (इन्जिनियरिङ) र खगेन्द्रप्रसाद नेपाल (विशेष दरबन्दी) सचिवहरु कार्यरत छन् ।

तर, प्रधानमन्त्री कार्यालय मातहत नै रहेका राष्ट्रिय योजना आयोग, राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय तथ्यांक कार्यालय र सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिवहरुमध्येबाट यस्तो छनोट गरिएमा योजना आयोगका सचिव तोयानारायण ज्ञवाली पनि निमित्त मुख्यसचिव बन्न सक्छन् । ज्ञवालीले आगामी भदौमा सचिव पदबाट अवकाश पाउँदैछन् ।

**नयाँ "मुख्यसचिव" सम्भव छ ?**

अर्याल मुद्दा जितेर फर्किने सम्भावना पनि हुने भएकाले सरकारलाई तत्काल नयाँ मुख्यसचिव नियुक्त गर्न भने सहज छैन ।

मुख्यसचिव पद एउटा मात्र भएकाले तत्काल कसैलाई जिम्मेवारी दिँदा मुद्दा जितेर अर्याल फर्किएमा उनलाई कसरी व्यवस्थापन गर्ने भन्ने अप्ठेरो पर्न सक्ने प्रशासन क्षेत्रका जानकारहरु बताउँछन् । हुनत विगतमा सरकारले मुख्यसचिवलाई जिम्मेवारीविहीन बनाएर नयाँ व्यक्तिलाई जिम्मेवारी दिएको उदाहरण छ ।

२०६२/६३ को जनआन्दोलन दबाउन भूमिका खेलेको र गम्भीर मानव अधिकार उल्लंघन गरेको आरोपमा २८ वैशाख २०६३ मा तत्कालीन मुख्यसचिव लोकमान सिंह कार्की मुख्यसचिव पदबाट हटाइएका थिए ।

प्रधानमन्त्री कार्यालय मातहतमै मुख्यसचिवस्तरको विशेष पद सिर्जना गरेर कार्कीको मुख्यसचिव पद खोसिएको थियो । त्यसपछि प्रधामनन्त्री कार्यालयका वरिष्ठतम सचिवलाई निमित्त मुख्य सचिव पद दिइएको थियो । कार्कीलाई विशेष पदमा राखेरै २१ जेठ २०६३ मा मुकुन्द शर्मा पौडेल मुख्यसचिव नियुक्त भएका थिए । उनले करिब ४ महिना पद सम्हालेपछि डा. भोजराज घिमिरे मुख्यसचिव बनेका थिए ।

अधिकारीहरुका अनुसार अहिले पनि प्रधानमन्त्री कार्यालय र अन्तर्गतका निकायमा मुख्यसचिव सरहको पदको विशेष दरबन्दी सिर्जना गरेर नयाँ मुख्यसचिव ल्याउने सम्भावना छ । 'विशेष दरबन्दी सिर्जना गर्न र नयाँ मुख्यसचिव ल्याउन सत्तारुढ दलरुबीच सहमति हुनुपर्छ', एक पूर्वसचिव भन्छन्, 'राजनीतिक दलहरुबीच सहमति हुँदा वरिष्ठता मिचेर जो पनि मुख्यसचिव बन्न सक्छन्, विगतमै पनि यस्तो अभ्यास देखिइसकेको छ ।'

**शक्ति केन्द्रले रोज्न सक्छ मुख्यसचिव**

निजामती सेवा ऐन २०४९ को दफा १९ मा राजपत्रांकित विशिष्ट श्रेणीको मुख्यसचिव पदमा बढुवा गर्दा बहालवाला सचिवहरु मध्येबाट नेपाल सरकारले ज्येष्ठता र कार्यकुशलताको आधारमा छनोट गरी बढुवा गर्ने उल्लेख छ ।

कानुनको यही प्रावधान देखाएर कार्यकुशलताका आधारमा भन्दै सत्तारुढ दल निकटका सचिवहरु मुख्य सचिव बनाउने सिलसिला चलिरहेको छ । यदि सरकारले कायममुकायम मुख्यसचिव वा विशेष पदको सिर्जनापछि मुख्यसचिवमा नयाँ व्यक्ति ल्याउन चाहेमा वरिष्ठताका आधारमा हाल राष्ट्रिय योजना आयोगका तोयानारायण ज्ञवाली नै स्वभाविक दाबेदार हुन् । तर, वर्तमान सरकार र सत्तारुढ दलहरु ज्ञवालीप्रति सकारात्मक छैनन् ।

*(स्रोत: अनलाइनखबर)*

## आँप महोत्सव : तीन दिनमा १५ लाखको बिक्री




काठमाडौं/आँप रुचाउने शंखमूलका प्रतीक आचार्यले स्वाद पछ्याउँदै काठमाडौंमा आयोजना गरिएको महोत्सवमा पुगे । आँप महोत्सवमा उनले जर्दा, बम्बई, गुलाब खास, कलकत्तिया, दसहरी गरी पाँच थरी आँपको स्वाद चाखे ।

तीनदिन चलेको महोत्सवमा उनले आँपको अनेक प्रजाति चिन्ने मौकामात्रै पाएनन्, आँपबाट बन्ने रेसेपी, अचार लगायतका बहुउपयोगिता र महत्वबारे पनि बुझ्न पाए । 'हेर्दा एउटै लाग्ने आँप स्वाद र यसको प्रयोग बहुआयामिक रहेछ,' उनले भने ।

प्रतीकले जस्तै धेरैलाई विभिन्न प्रजातिका आँप चाख्ने र उपयोगबारे बुझ्ने अवसर जुराइदियो, किसान भेन्चर र काठमाडौं अर्गानिक्सले आयोजना गरेको 'प्रथम नेपाल आँप फेस्ट २०८१'ले ।

शुक्रबारदेखि सुरु भएको आँप महोत्सव विभिन्न कार्यक्रमका बीच आइतबार समापन भयो । नेपाली आँपको प्रयोग बढाउन, किसानलाई प्रोत्साहित गर्न र उपभोक्तालाई विषादीरहित स्वस्थ आँपको पहुँच पुऱ्याउने उद्देश्यले काठमाडौंमा आँप महोत्सव आयोजना गरिएको थियो ।

महोत्सवमा सर्लाही, सप्तरी, सिराहा, महोत्तरीलगायत जिल्लाका ५० किसानका बगानबाट ल्याइएका आँप राखिएको थियो ।

महोत्सवमा प्राकृतिक रूपमा पाकेका वा पकाइएका मालदह, जर्दा, बम्मई, गुलाब खास, अम्रपाली, कलकत्तिया, दसहरी लगायत १५ प्रकारका आँप प्रदर्शनमा रखिएका थिए । आयोजकका अनुसार १० हजारले महोत्सव अवलोकन गरेका छन् । त्यस्तै तीनदिनको अवधिमा १५ लाख बराबरको आँप बिक्री भएको छ ।

काठमाडौं अर्गानिक्सका सञ्चालक भुवन केसीले नेपाली बजार प्रवर्द्धन गर्ने उद्देश्यले गरिएको महोत्सवले आँपलाई चिनाउन मद्दत पुऱ्याएको बताए । 'नेपालमा मात्रै १५४ प्रजातिका आँप पाइने भए पनि धेरैलाई थाहा छैन,' उनले भने ।

आँप फलको रूपमा मात्रै नभएर अचार, पाउडर, डिहाइड्रेड म्याङ्गो, जाम, जुस, रेसिपीलगायतका रूपमा पनि प्रयोग गर्न सकिन्छ भन्ने महोत्सवले देखाएको छ । केसीले भने, 'जेठदेखि साउन मसान्तसम्म पाक्ने भएकाले फलका रूपमा आपको सिजन छोटो हुन्छ । तर यसलाई अन्य परिकार बनाएर प्रयोग गर्ने हो भने यसको बजार वर्षभर रहन्छ ।'

# बागमती प्रदेशको साक्षरता दर ८३ प्रतिशत



साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/दुई वर्षअघि देशकै पहिलो साक्षर प्रदेश घोषणा भएको बागमतीको साक्षरता दर ८३ प्रतिशत रहेको एक सरकारी तथ्यांकले देखाएको छ ।

नेपाल जीवनस्तर सर्वेक्षण २०२२/२३ ले ५ वर्ष उमेर माथि बागमतीमा महिला ७६ दशमलव ८ र पुरुष ८९ दशमलव ४ प्रतिशत साक्षरता रहेको देखिएको हो । ११ असोज २०७८ मा बागमती प्रदेशलाई साक्षर प्रदेश घोषणा गरिएको थियो । प्रदेशको सामाजिक विकास मन्त्रालयद्वारा आयोजित एक कार्यक्रममा तत्कालीन मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले बागमतीलाई साक्षर प्रदेश घोषणा गरेकी थिइन् । शाक्य नेतृत्वको सरकार करिब दुई महिनामात्रै टिकेको थियो । त्यतिबेला सामाजिक विकास मन्त्री चितवनका विजय सुवेदी थिए ।

सुवेदीले दुई महिने कार्यकालमा प्रदेशलाई साक्षर घोषणा गरेका हुन् । बागती प्रदेशका १५ देखि ६० वर्षबीचका ९५ प्रतिशत भन्दा बढी नागरिक साक्षर भइसकेको दाबी गर्दै मन्त्रालयले एउटा सन्देश प्रवाह गर्न साक्षर प्रदेश घोषणा गरेको प्रदेश शिक्षा निर्देशनालय बागमती प्रदेश हेटौंडाले जनाएको थियो । १५ वर्षमुनि र ६० वर्षमाथिका नागरिकलाई पनि साक्षर बनाउने कार्यलाई तीव्रताका साथ पहल गरिने मन्त्रालयको भनाई थियो । तर, दुई वर्षबीचमा मन्त्रालयले साक्षर घोषणा कार्यक्रमलाई निरन्तरता दिने गरी कुनै कार्यक्रम कार्यान्वयन गरेको पाईंदैन ।

यसैगरी, नेपालको साक्षरता दर ७७.४ प्रतिशत पुगेको छ । नेपाल जीवनस्तर सर्वेक्षण २०२२/२३ ले नेपालको साक्षरता दर ७७ प्रतिशत नाघेको देखाएको छ । यसअघि राष्ट्रिय जनगणना २०७८ ले साक्षरता दर ७६.३ प्रतिशत पुगेको देखाएको थियो । यो ५ वर्ष सोभन्दा बढी उमेरका कुल जनसंख्याको साक्षरता दर हो । साक्षरतामा महिलाको तुलनामा पुरुषको साक्षरता दर माथि देखिन्छ । पुरुषको साक्षरता दर ८५.८ प्रतिशत र महिलाको साक्षरता दर ७०.१ प्रतिशत रहेको छ ।

१५ वर्ष र सोभन्दा माथिको साक्षरता दर भने ७२.५ प्रतिशत रहेको छ । जसमा महिलाको साक्षरता दर ६४.१ प्रतिशत र पुरुषको साक्षरता दर ८२.९ प्रतिशत रहेको तथ्यांकले देखाएको छ । १५ वर्ष र सोभन्दा माथिका जनसंख्यामा सन् २०१०/११ को जीवनस्तर सर्वेक्षणले ५६.५ प्रतिशत मात्र साक्षरता दर रहेको देखाएको थियो । सन् १९९५/९६ मा गरिएको पहिलो जीवनस्तर सर्वेक्षणले यो उमेर समूहको साक्षरता दर ३५.६ प्रतिशत देखाएको थियो ।

५ वर्ष र सोभन्दा माथिको साक्षरता दरलाई प्रदेशगत रुपमा हेर्दा सबैभन्दा धेरै साक्षरता गण्डकी प्रदेशमा रहेको छ । सबैभन्दा कम मधेश प्रदेशमा रहेको छ । गण्डकीमा ८३.४ प्रतिशत साक्षरता रहेको छ । मधेशको साक्षरता दर ६८.३ प्रतिशत रहेको छ । महिला साक्षरता दर सबैभन्दा धेरै बागमतीमा देखिन्छ । यस प्रदेशमा ७६.८ प्रतिशत महिला साक्षरता दर रहेको छ । सबैभन्दा कम मधेश प्रदेशमा रहेको छ । यस प्रदेशको साक्षरता दर ५९.९ प्रतिशत रहेको छ ।

क्षेत्रगत रुपमा हेर्दा काठमाडौं उपत्यकाको सहरी इलाकामा सबैभन्दा धेरै ८९.६ प्रतिशत साक्षरता रहेको छ । जहाँ ९४.७ प्रतिशत पुरुष साक्षर छन् । सबैभन्दा कम मधेश प्रदेशको ग्रामीण भेगमा साक्षरता रहेको छ । मधेश प्रदेशको ग्रामीण भेगमा ६२.९ प्रतिशत मात्र साक्षरता रहेको पाइएको छ । जहाँ महिला जनसंख्याको आधा मात्र (५३.७ प्रतिशत) साक्षरता रहेको नेपाल जीवनस्तर सर्वेक्षणले देखाएको हो ।

# शैक्षिक अनुसन्धानमूलक लेखन कार्यशाला

साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ विश्वविद्यालय तहमा प्राध्यापनरत् प्राध्यापकका लागि शैक्षिक अनुसन्धान मूलक लेख-लेखन कार्यशाला सम्पन्न भएको छ ।

हेटौंडा-४ स्थित हेटौंडा क्याम्पसको आयोजना तथा विश्वविद्यालय अनुदान आयोगको सहयोगमा बिहीबारबाट सुरु भएको कार्यशाला शनिबार सम्पन्न भएको हो । कार्यक्रम हेटौंडा क्याम्पसको अनुसन्धान इकाईका संयोजक विजय नेपालको सभाध्यक्षता तथा हेटौंडा क्याम्पस संचालक समितिका अध्यक्ष आनन्दराम पराजुलीको प्रमुख आतिथ्यमा भएको हो ।

कार्यशालाको समापनको अवसरमा कार्यशालामा सहभागी समूहका प्रतिनिधिले शैक्षिक अनुसन्धानमूलक कार्यशालामा तयार पारिएका लेखको सार प्रस्तुत गरेका थिए । कार्यशालालाई डा. शंकर प्रसाद उपाध्यक्ष, डा. लोकराज शर्मा, डा. रामप्रसाद अधिकारी, डा. विजय नेपाल, डा. देवचन्द्र मानन्धर र डा. राजु थापा क्षेत्रीले सहजीकरण गरेका थिए । समापन समारोहमा हेटौंडा क्याम्पसका प्रमुख देवीराम लामाको आतिथ्य रहेको थियो ।

# तितुङको परिवारलाई क्षतिपूर्ति दिन सांसद बर्तौलाको माग



साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ नेकपा एमालेका प्रमुखसचेतक महेश बर्तौलाले असार ७ गते पर्सा राष्ट्रिय निकुञ्जका कर्मचारीले चलाएको गोली लागेर निधन भएका हेटौंडा उपमहानगरपालिका-१४ का सुकबहादुर तितुङको परिवारलाई क्षतिपूर्ति दिन माग गरेका छन् ।

आइतबार प्रतिनिधिसभा बैठकमा विशेष समय लिएर बोल्दै सांसद बर्तौलाले घटनामा संलग्न निकुञ्जका कर्मचारी र सुरक्षाकर्मीमाथि कारबाही गर्न माग गरेका हुन् । उनले भनेका छन्, ‘राष्ट्रिय निकुञ्ज क्षेत्रका नागरिकले पाएको दुख र अप्ठ्यारोबारेमा धेरैजना माननीय सदस्यले प्रश्न उठाउनु भएको छ । हालै पनि मकवानपुरको हेटौंडा उपमहानगर पालिका-१४ का सुकबहादुर तितुङको घर आँगनमै जंगल जोडिएको छ । जहाँ मध्यवर्तीक्षेत्र छ । मध्यवर्ती क्षेत्रभित्र जोडिएको त्यो क्षेत्रमा पर्सा राष्ट्रिय निकुञ्जबाट खटिएका सुरक्षाकर्मीले उनीमाथि आक्रमण गरे । गोली हानेर सुकबहादुरको हत्या गरे ।,’

उनले सुरक्षाकर्मीले सामान्य मानवीयता पनि नराखीकन छातीमा गोली हानेर हत्या गरेको बताउदै लोकतन्त्र र गणतन्त्रमा नागरिकलाई दिनदहाडै हत्या गर्न नपाइने बताए ।

उनले दोषी देखिएका माथि कानून बमोजिम कारबाही गर्दै मृतकका आफन्तलाई उचित क्षतिपूर्ती दिन माग गरेका छन् ।

# हेटौंडा सिमेन्ट उद्योगमा तीन महिनापछि उत्पादन सुरु




साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/करिब तीन महिनादेखि बन्द रहेको हेटौंडा सिमेन्ट उद्योगले आइतबारदेखि पुन:उत्पादन सुरु गरेको छ । उद्योगको आगो बाल्ने भट्टीका साथै केही उपकरण मर्मतसम्भार गर्नुपर्ने भएकाले उत्पादन बन्द गरिएको थियो ।

उद्योगबाट अवकाश पाएका कर्मचारीले आफूले पाउने उपदान र औषधिउपचार खर्चको एकमुष्ठ रकम भुक्तानी नगरेको भन्दै कर्मचारीले लामो समयसम्म हड्ताल जारी राखेकाले सिमेन्टको उत्पादन गर्न नसकिएको उद्योगका नायव महाप्रबन्धक नवीनकुमार कर्णले जानकारी दिए । अहिले सेवानिवृत्त भएका कर्मचारीले हड्ताल स्थगित गरेपछि आइतबारदेखि नियमित उत्पादन र प्याकिङ गर्ने काम सञ्चालन भएको उनको भनाइ छ ।

उद्योगमा अहिले पटक पटक गरी करिब चार हजार पाँच सय मेट्रिकटन कोइला बोलपत्रद्वारा आह्वान गरी आपूर्ति गरिरहेकाले अब नियमित उत्पादन भइरहने सिमेन्ट उद्योगका महाप्रबन्धक वसन्तकुमार पाण्डेले जानकारी दिए। उनका अनुसार केही महिनाअघि आर्थिक संकटले कोइला खरिद गर्न कठिनाइ हुँदा पटकपटक उत्पादन रोकिएको थियो ।

स्थापनाकालदेखि केही वर्षअघिसम्म उद्योगमा कार्यरत विभिन्न तहका २९ जना कर्मचारीले अवकाश पाएपछि निजहरुले नियम अनुसार पाउनुपर्ने उपदान, औषधि उपचार खर्चसमेत गरी करिब १७ करोड पाँच लाख रुपैयाँ दिनुपर्नेमा आर्थिक संकटले भुक्तानी दिनुपर्ने रकम नभएकाले समस्या आएको उद्योगका लेखाप्रमुख हरेराम कोइरालाले बताए । उद्योगका महाप्रबन्धक पाण्डेले उद्योगलाई अब नयाँ प्रक्रियाबाट सञ्चालनमा ल्याई सिमेन्ट उत्पादन नियमित गर्ने योजना बनाइएको बताए ।

‘अवकाश लिएका कर्मचारीलाई दिनुपर्ने रकम हाल उद्योगमा मौज्दात नरहेकाले नवनियुक्त अध्यक्षलगायत पदाधिकार र प्रतिनिधिसभाका सदस्यद्वय दीपकबहादुर सिंह र महेशकुमार बर्तौलासहितको प्रतिनिधिमण्डलले प्रधानमन्त्री, अर्थमन्त्री र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीलाई भेटी उद्योगमा आइपरेको आर्थिक संकटबारे जानकारी गराएका छौं’, उनले भने, ‘सरोकार भएका निकायको पहलमा समस्या समाधान गर्नेछौं ।,’

उद्योग मन्त्रालयले सरकारकोतर्फबाट सिमेन्ट उद्योगलाई उपलब्ध गराइदिने रकमका लागि आवश्यकीय कागजपत्र अर्थमन्त्रालयमा पठाइसकेको जनाउँदै महाप्रबन्धक पाण्डेले केही हप्ताभित्रै अनुदान रकम प्राप्त हुने भएकाले अवकाश प्राप्त कर्मचारीलाई दिइने बताए । तत्कालीन श्री ५ को सरकारले विसं २०३३ मा हेटौंडाको लामसुरेमा हेटौंडा सिमेन्ट उद्योगको स्थापना गरेको थियो । तत्कालीन समयमा उद्योग निर्माणका लागि एक अर्ब ३८ करोड ९० लाख रुपैयाँ सरकारले उपलब्ध गराएको थियो ।

विसं २०४३ मङ्सिर २६ गतेदेखि व्यावसायिकरुपमा सिमेन्टको उत्पादन गरी काठमाडौं लगायत विभिन्न सहरमा आपूर्ति गर्दै आएको उद्योग प्रशासनले जनाएको छ । उद्योगको साविक सिमेन्ट उत्पादन गर्ने क्षमता दैनिक १८ हजार बोरा भए पनि अहिले १० हजार बोरा मात्र उत्पादन भइरहेको छ । उद्योगमा अहिले प्रशासन, लेखा, प्रविधिक, चुनढुंगाखानी एवम् कामदार मजदुर गरी करिब दुई सयले प्रत्यक्ष रोजगार पाइरहेका छन् । उद्योगमा अहिले एक लाख ५० हजार बोरा सिमेन्ट मौज्दात रहेको उद्योगको व्यवस्थापनले जनाएको छ ।

# हेटौंडा-१३ का कृषकलाई अनुदानमा कृषिसामग्री



साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ पछिल्लो समय दुग्ध उत्पादनसँग जोडिएका हेटौंडा उपमहानगर पालिका-१३ पदमपोखरीका कृषकलाई अनुदानको सामग्री हस्तान्तरण गरिएको छ ।

हेटौंडा उपमहानगर पालिकाको आर्थिक बर्ष २०८०/८१ मा स्वीकृत वार्षिक प्रदेश सरकारबाट हस्तान्तरित आर्यक्रम शसर्त अनुदानबाट पशुपालनमा रहेका किसानलाई सामग्री हस्तान्तरण गरेको हो । हेटौंडा उपमहानगर पालिकाको आर्थिक सहयोगमा गाई प्रवर्द्धन कार्यक्रम अन्तरगत ५० प्रतिशत अनुदानमा सामग्री पशुपालनका लागि आवश्यक सामग्री हेटौंडा उपमहानगरपालिका नगर प्रमुख मीनाकुमारी लामाले हस्तान्तरण गरेकी हुन् ।

सामग्री हस्तान्तरण गर्दै नगरप्रमुख लामाले उत्पादनसँग जोडिर्दै आर्यआर्जनमा लाग्न आग्रह गरिन् । पूर्वाधारको विकाससँगै उत्पादनसँग जोडिएर अघि बढ्न सुझाव दिइन् । सामग्रीको प्रयोग गरी दुग्ध उत्पादनमा काम गर्दै आर्यआजनमा बढवा दिन उनले सुझाव दिइन् । कार्यक्रममा पशुमा लाग्ने लम्पी, खोरेत रोगको संक्रमणको समयमा आवश्यक हुने स्प्रे पम्प, काउ म्याट, घाँस काट्ने मेसिन, गाई नुहाउँने मेसिन, पानी टंकी सहितको सामग्री ८२ जना पशु पालक किसानलाई बितरण गरिएको हो ।

आधाभार कृषक समूहका अध्यक्ष फेन्चु लामाको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-१३ का अध्यक्ष पेम्बा लामा, वडासदस्यहरु सानुमाया नेपाली, उत्तम गोम्जा, दावा लामा, वडा सचिव केशब बोहरा, पशु सेवाकेन्द्र हेटौंडा-१३ का प्रमुख प्रदीप साह, पशुप्राविधिक कविता चौलागाईलगायतको आतिथ्यता रहेको थियो ।

# थाहालाई दुई स्वर्ण सहित ६ पदक



साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ त्रीज्योति माध्यमिक विद्यालय कपनद्वारा आयोजित चौथो इन्डो-नेपाल गोजुरियो कराँते प्रतियोगितामा थाहाको गोजुरियो डोजोले २ स्वर्ण सहित ६ वटा पदक हात पारेको छ ।

डोजोका प्रशिक्षक मानसिंह दोङले दिएको जानकारी अनुसार थाहाबाट प्रतियोगितामा सहभागी खेलाडी सन्जिता गोलेले ४५ किलो तौल समूहमा स्वर्ण, ५५ किलो तौल समूहमा शन्तराम अधिकारीले स्वर्णपदक सहित ६० किलोमा सुमन घिमिरेले रजत तथा आशा तामाङ ५० किलोमा कास्य, प्रमिला थोकर ५५ किलोमा कास्य र सन्तोष गोपाली ५० किलो तौल समूहमा कास्यपदक हातपार्न सफल भए । प्रतियोगितामा ७ वटा विद्यालय र ३ वटा डोजोको १ सय ५३ खेलाडीको सहभागिता रहेको थियो ।

# प्रकाश होटलको फोहोर भान्सा सुधारमा ल्याउन निर्देशन



साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ हेटौंडा उपमहानगरपालिका-१० टिसिएन रोडमा रहेको प्रकाश होटललाई फोहोर भान्सा सुधारमा ल्याउन दुई साताको समय दिइएको छ ।

आइतबार हेटौंडा उपमहानगरको बजार अनुगमन समितिले होटलको किचेनको अवस्था निरीक्षण गर्दै सुधार गर्नका लागि १५ दिनको समय दिएको हो । किचनमा फोहर रहेको, सरसफाईमा ध्यान नदिएको, फिजको अवस्था बिग्रीएको, प्रयोग निशेष गरीएका पदार्थको प्रयोग गरेको भन्दै अनुगमन टोलीले सुधारका लागि १५ दिनको समय दिएको हो । होटलको नामअनुसार किचनको अवस्था नरहेको पाइएको समितिका सदस्य एवम् हेटौंडा उपमहानगरपालिका खाद्य प्राबिधिक एलिना न्यौपानेले बताइन् ।

थ्रि-स्टार होटलको रुपमा लामो समयदेखि हेटौंडामा सेवा दिँदै आएको प्रकाशलाई थ्रि स्टारको मान्यता दिएको कागजात समेत नदेखाएको भन्दै टोलीले तीनदिन भित्र सरकारी कागजात सहित उपस्थित हुन भनेको छ । लामो समयदेखि थ्रि स्टारको मान्यतामा उपभोक्तासँग सेवा सुबिधाबापत पैसा असुल गरेपनि अहिलेसम्म सरकारी मान्यताको कागजात देखाउन नसकेको भन्दै अनुगमन टोलीले कागजात पेश गर्न समय दिएको हो ।

हेटौंडा उपमहानगर पालिका-१ का अध्यक्ष एवम् अनुगमन समितिका संयोजक सबिन न्यौपानेको नेतृत्वमा गएको टोलीले हेटौंडा-४ मा रहेको सामना होटलको पनि अनुगमन गरेको थियो । आइतबार बिहान दिएको खानामा बासी मासु परेको सूचना पछि टोली अनुगमनका लागि सामना पुगेको थियो । आन्तरीक मामिला तथा कानुन मन्त्रालयले गरेको बिपद्मा स्वयमसेवक व्यवस्थापन प्रणाली सम्बन्धी कार्यक्रममा सहभागीमध्ये केहीलाई बासी गन्हाएको मटन परेको बताइएको थियो ।

सामनामा अनुगमनका क्रममा समान्य सुधार्न पर्ने कुराहरु देखिएको टोलीले जनाएको छ । केही सुधार्न पर्ने कुराहरु देखिएको थियो सुझाव दिएका छौं टोलीका सदस्य न्यौपानेले बताए । अनुगमन टोलीमा उपमहानगरका सामाजिक विकास महाशाखा प्रमुख भीमप्रसाद तिमल्सिना, जिल्ला प्रशासन कार्यालयका सुरेश वाईबा, उपभोक्ता मञ्चका सरोज बिडारी, खाद्यप्रविधि तथा गुणनियन्त्रण कार्यालयका दीपक घिमिरे, मकवानपुर उद्योग वाणिज्य संघका पवन कार्की, उद्योग वाणिज्य कार्यालयका रमेश गोद्दार सहितको टोली दुबै होटलमा पुगेको थियो ।

# तयार भयो २२० केभी बाह्रबिसे सबस्टेसन

काठमाडौं, ९ असार/ सिन्धुपाल्चोकको बाह्रबिसे नगर पालिकामा २२०/१३२ केभी सबस्टेसन निर्माण सम्पन्न भएको छ । बाह्रबिसे सबस्टेसनमा २२०/१३२ केभी, १६० एमभीए र १३२/११ केभी, ५ एमभीएका पावर ट्रान्सफर्मर छन् । ग्यास इन्सुलेटेड प्रणाली (जीआईएस) प्रविधिमा आधारित सबस्टेसनका सम्पूर्ण उपकरणहरुको परीक्षण सम्पन्न भइसकेको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ । बाह्रबिसेमै ४०० केभीको अर्को सबस्टेसन पनि निर्माणाधीन छ ।

नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनी चिलिमे जलविद्युत कम्पनीको अगुवाइमा सिन्धुपाल्चोकमा निर्माण गरिएको १०२ मेगावाटको मध्यभोटेकोशी जलविद्युत् आयोजनाको विद्युत् यही सबस्टेसनमा जोडिने छ । मध्यभोटेकोशी जलविद्युत् आयोजनाबाट विद्युत् उत्पादन सुरु भएपछि सोही विद्युत् प्रयोग गरी बाह्रबिसे सबस्टेसनलाई चार्ज गरिने छ ।

निर्माण सम्पन्न भएको मध्यभोटेकोशीबाट विद्युत् उत्पादनका सुरु गर्न संरचना तथा उपकरण परीक्षणका क्रममा पानी हाल्दा सुरुङ चुहिएपछि हाल सुरुङको मर्मत भइरहेको छ । सुरुङ मर्मत आगामी भदौ दोस्रो साताभित्र (अगस्ट) सक्ने लक्ष्य राखि काम भइरहेको प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले शनिबार सबस्टेसन, प्रसारण लाइन र मध्यभोटेकोशीको सुरुङ मर्मत कार्यको अनुगमन गरे । उनले तोकिएको समयभन्दा अघि नै सम्पूर्ण काम सम्पन्न गर्न आयोजना व्यवस्थापन र निर्माण व्यवसायीलाई आग्रह गरे । कार्यकारी निर्देशक घिसिङले बाह्रबिसे सबस्टेसन निर्माण सम्पन्न भइसकेकाले मध्यकोटेकोशीबाट उत्पादित विद्युत् प्रवाहका लागि समस्या नरहेको बताए ।

घिसिङका अनुसार सबस्टेसन तयार गर्न नसक्दा मध्यभोटेकोशीको विद्युत् जोड्न नसकिने हो कि भन्ने अवस्था थियो ।

*(स्रोत: अनलाइनखबर)*

# सीआईबीको प्रहरी बनेर १० लाख लुटपाट

काठमाडौं, ९ असार/ सीआईबीको प्रहरी भन्दै कपनमा करिब १० लाख रुपैयाँ लुटपाट गरेको आरोपमा चार जनाविरुद्ध मुद्दा दर्ता गरिएको छ । लुटपाटमा संलग्न रहेको आरोपमा पक्राउ परेका चार जनाविरुद्ध आइतबार काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता गरिएको हो ।

सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका-३ का ४८ वर्षीय भाग्यराम पाइन, बाह्रबिसे-३ कै २६ वर्षीय लिलाबहादुर तामाङ, बाह्रबिसे-३ कै २५ वर्षीय च्याङ्बा र हर्के भनिने लोकबहादुर पाखिन र बाह्रबिसे-४ का २५ वर्षीय इनकुमार पाखिनविरुद्ध मुद्दा चलाइएको हो । यसअघि १७ जेठमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले भाग्यरामलाई पक्राउ गरेको थियो । बाँकी ३ जना अझैसम्म फरार रहेकाले उनीहरुलाई फरार प्रतिवादी बनाउँदै मुद्दा दायर गरिएको हो । चारै जनालाई डाँका चोरीको कसुरमा मुद्दा दायर गरिएको छ ।

पक्राउ परेका पाइन यसअघि २९ मंसिर २०७० मा ज्यान मार्ने उद्योगको कसुरमा पक्राउ परी ४ वर्ष जेल बसेर छुटेका व्यक्ति हुन् । फरार रहेका अर्का प्रतिवादी लोकबहादुर पनि चोरी मुद्दामा यसअघि दोषी ठहर भएका व्यक्ति रहेको खुलेको छ । २६ असार २०८० मा ललितपुर जिल्ला अदालतले उनीविरुद्ध १ वर्ष ४ महिना कैद र २० हजार जरिवानाको फैसला सुनाएको थियो । उनीहरुले १३ जेठमा कपनमा सोहिल बाह्रबिसे सुनचाँदी पसल सञ्चालन गरेर बसेका जयविक्रम विकको सुनका गरगहना र नगद गरेर ९ लाख ९२ हजार ६३२ रुपैयाँ बराबरीको लुटपाट गरेको आरोप छ ।

# हेटौंडा कपडा उद्योग चलाउने योजना विदेशी ईशारामा रोकियो: मन्त्री उप्रेती



साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/रक्षामन्त्री हरिप्रसाद उप्रेतीले विदेशीको विरोधले नेपाली सेनाले हेटौंडा कपडा उद्योग चलाउने योजना रोकिएको बताएका छन् ।

आइतबार प्रतिनिधि सभाको बैठकमा मन्त्रालयको बजेटमाथि उठेका प्रश्नको जवाफ दिने क्रममा रक्षामन्त्री उप्रेतीले सैनिक कल्याणकारी कोषमा रहेको रकम उपयोग गरेको विषयलाई व्यापार व्यावसाय गरेको रुपमा नबुझिदिन आग्रह गरे । सैनिक कल्याणकारी कोषमा ८३ अर्ब रुपैयाँ रहेको उल्लेख गर्दै मन्त्री उप्रेतीले यो रकमलाई राष्ट्रिय योजना र विकासमा लगानी गर्न सकिने बताए ।

जुन देशबाट कपडा आइरहेको छ त्यो देशबाट र कपडा ल्याइरहेका ब्यापारीले नै सेनाले हेटौंडा कपडा उद्योग चलाउने योजनाको विरोध गरेको मन्त्री उप्रेतीले बताए । मन्त्री उप्रेतीले हेटौंडा कपडा उद्योग सेनाले चलाउने योजना आत्मनिर्भर हुनका लागि भएको दाबी गरे ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना